वैदेशिक रोजगारमा जाने निर्णय गरिसक्नु भएको छ भने स्काफ फोल्डिङ, सटरिङ कार्पेन्ट्री, आक वेल्डिङ,क्लिनर, स्टिल फिक्चर, वेटर हाउस किपिङ, प्लम्वर, विल्डिङ इलेक्ट्रिसियन र सेक्युरिटी गार्डको तालिम निःशुल्क प्राप्त गर्न सक्नुहुनेछ ।

जिल्ला विकास समिति, कास्की
वैदेशिक रोजगारीका लागि सुरक्षित
आप्रवासन 'सामी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की
फोन : ०६१-४६४९२५

राष्ट्रिय दैनिक

गोल्डेन न्यूज

Golden News National Daily

○वर्ष ८ ○अंक १३६ ○श्रेणी 'क' ○२०७२ फाल्गुन ७ गते शुक्रबार ○ 19 Feb. 2016 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

Office Sale!

1500 Sq Ft. office Sale in front of Ratna emporium with inverter/Ac/Furniture/phone/intercom/wifi fully Decorated 3 cabin with 1for rest,Totally tiles floor & attached toilet (western)

Cost:- Rs 40 lakhs but negottable

Interested parties may contact on following number as early as possible

Contact:-98161-02216

सस्तो बजारमा सधैं विचौलियाको चलखेल

वायुसेवा निगमद्वारा बोलपत्र आह्वान,व्यवसायी आतङ्कित र आन्दोलित

गोल्डेन न्यूज संवाददाता
पोखरा ६ फाल्गुन ।

तस्वीर सहयोग : यदुनाथ बञ्जरा

विचौलियाका कारण आफ्नो व्यापार व्यवसाय नै धरापमा पर्न लागेका भन्दै पोखरा उप-महानगरपालिका वडा नं. ९, नयाँबजारस्थित पोखरा सस्तो बजारका व्यवसायीहरुले बिहीबार देखि आन्दोलन शुरु गरेका छन् । २०६९ सालदेखि संगठित भइ व्यवसाय संचालन गर्दै आइरहेका उनीहरु मुख्यत: जग्गा भाडाको विषयले आन्दोलित भएका हुन् । करिब ५ रोपनी क्षेत्रफलमा रहेको सस्तो बजारमा २१७ व्यवसायी आवद्ध छन् । सस्तो बजारमा स्थापनाकाल देखि यसै विषयमा विवाद हुँदै आइरहेको थियो । सस्तो बजार रहेको जग्गा नेपाल वायु सेवा निगमको हो । उक्त जग्गामा विचौलियाले चलखेल गरेर पटक-पटक दु:ख दिंदै आएको भन्दै सस्तो बजार व्यवस्थापन समितिको अगुवाइमा व्यवसायीहरुले आन्दोलन शुर गरेका हुन् । उनीहरुले बिहीबार सबै व्यवसाय बन्द गरि गेटमा कालो व्यानर टाँगेर आन्दोन शुरु गरे भने आन्दोलन कसरी अघि बढाउने भन्ने विषयमा छलफल गरे ।

छलफलका क्रममा व्यवसायीले आन्दोलन कुनैपनि हालतमा रोक्किनु नहुने, गोली नै खानु परेपछि तयार रहेको भन्दै उक्त जग्गा सस्तो बजारकै नाममा नपाउँदासम्म आन्दोलन जारी राख्नुपर्ने बताएका थिए । आन्दोलनका लागि तयारी छलफल गरेका व्यवसायीले क्षेत्रीय प्रशासन कार्यालय र जिल्ला प्रशासन कार्यालयमा समेत ध्यानाकर्षण पत्र बुझाए । व्यवसायीले आफ्नो समस्याका बारेमा पोखरामा रहेका सबै सरकारी कार्यालमा ध्यानाकर्षण पत्र बुझाउने बताएका छन् ।

उनीहरुले कानूनी रुपमा निगमसंग आफै सम्झौता गरि व्यवसाय संचालन चाहेका छन् । व्यवसायीले कानूनी रुपमा निगम तयार भए जति पनि भाडा तिर्न तयार छन् । तर विचौलियाका कारण नेपाल वायु सेवा निगमले आफूहरुलाई वेवास्ता गर्दै आएको व्यवसायीले गुनासो गरेका छन् । सस्तो वजार व्यवस्थापन समितिले उक्त जग्गा समितिकै नाममा पाउँ भनि केहीअघि नेपाल वायुसेवा निगममा निवेदन दिएको भएपनि कुनै प्रतिक्रिया नआएको समितिका अध्यक्ष केशव भुजेलले बताए ।

नेपाल वायु सेवा निगमसंग विचौलियाले गरेको सम्झौता यहि चैत्र मसान्तभित्र सकिंदैछ । सम्झौता सकिन लागेपछि वायु सेवा निगमले आगामी ५ वर्षका लागि भाडामा दिने लिलाम बढाबढको सूचना जारी गरिसकेको छ । वायु सेवाले जारी गरेको सूचनामा प्रतिमहिना कम्तिमा ३ लाख रुपैयाँ कायम हुनुपर्ने भनि स्पष्ट पारेको छ । निगमको यो सूचनाले सस्तो बजारका व्यवसायी आतङ्कित बनेका छन् । लिलाम बढावढ सूचनामा कम्तिमा ३ लाख रुपैयाँ तोकिनु र सस्तो बजार व्यवस्थापन समिति संग कुनैपनि सल्लाह नगरि सूचना जारी गर्नु निगमका कर्मचारी विचौलियाको चंगुलमा फँसेको आशंका व्यवसायीले गरेका छन् । यसअघि मासिक ६५ हजार रुपैयाँमात्र बुझ्दै आएको निगमले एक्कासी यति ठूलो रकममा टेण्डर आह्वान गर्दा टेण्डर हाल्ने विचौलियाले बढाबढमा काम गर्नुपर्ने भएकाले आफूहरुको व्यापारले भाडा धान्ने नसक्ने स्थितिमा पुग्ने व्यवसायीको गुनासो छ ।

व्यवसायीका अनुसार सस्तो बजार रहेको निगमको जग्गामा भरत गुरुङले ठूलो चलखेल गरि व्यवसायीलाई पटक-पटक अनावश्यक दु:ख दिनुका साथै धम्क्याउने समेत गरेका छन् । उनी हाल एमाले निकट रहेको बताइन्छ । राजनीति र पैसाको आडमा उनले चलखेल गर्दै आएका छन् । चलखेल गरेर भरत गुरुङले नेपाल वायुसेवा निगमसंग यसअघि ३ पटक सम्झौता गरि मोटो रकम अशुली गरिसकेका छन् । उनले सस्तो बजार संचालन भएको पहिलो १ वर्ष मासिक २ लाख ५० हजार रुपैयाँ लिएका थिए भने नेपाल वायुसेवा निगमलाई जम्मा ६५ हजार रुपैयाँ बुझाउने गरेका थिए ।

दोस्रो वर्ष पनि उनै भरत गुरुङ निगमसंग सम्झौता गर्न सफल भए । दोस्रो वर्षमा उनले सस्तो बजारको भाडा बढाएर मासिक ३ लाख ७ हजार रुपैयाँका दरले अशुल्न थाले भने निगमलाई पुरानै रकम अर्थात ६५ हजार रुपैयामात्रै बुझाए । यस्तै पछिल्लो ३ वर्षपनि उनै भरत गुरुङले सम्झौता गरि सस्तो बजारको जग्गा भाडा बढाएर ८ लाख पुऱ्याए भने ३० लाख रुपैयाँ धरौटी रकम समेत उठाउन सफल भए । त्यस वखत व्यवसायीले विरोध गर्दा हट्न धम्की दिंदै आफ्नो अडान कायम राखे । भाडा बढाएर ८ लाख पुऱ्याएका गुरुङले पछिल्लो ३ वर्षमा निगमलाई कति रकम बुझाए भन्ने जानकारी छैन । पछिल्लो केही महिनाअघि सस्तो बजार समितिले वायु सेवा निगमको केन्द्रमा डेलिगेसन गर्दा जग्गा भाडा १ लाख रुपैयाँ घटाएर ७ लाख रुपैयाँ अशुल्दै आइरहेको बताइन्छ । गुरुङले अझैपनि टेण्डर आफ्नै नाउँमा पारी सस्तो बजार रहेको जग्गाको भाडा दोब्बर बनाउन सक्ने आशंका व्यवसायीको छ ।

अन्तत: तोडियो सिण्डिकेट

विन्ध्यवासिनी बाजी मार्न सफल

गोल्डेन न्यूज संवाददाता
पोखरा ६ फाल्गुन ।

सबै क्षेत्रबाट चर्को दवावपछि पोखराका यातायात व्यवसायी वीच सहमति भएको छ । स्थानीय प्रशासनको समन्वयमा बिहीवार चार बुँदे सहमति भएपछि नयाँ र पुराना समितिका गाडी निर्वाद चल्ने भएका छन् । नयाँ र पुराना यातायात व्यवसायी बीच प्रमुख जिल्ला अधिकारी हरिप्रसाद मैनालीको समन्वयमा प्रमुख दलका जिल्ला स्थित नेता एवं सर्वपक्षीय छलफलपछि चार बुँदे सहमति भएको हो । सहमति अनुसार पुराना व्यवसायीले आन्दोलनका कार्यक्रम फिर्ता लिने र नयाँ विन्ध्यवासिनी वस व्यवसायी समितिलाई निर्वाद सवारी सञ्चालन गर्न दिने उल्लेख छ । नयाँ समितिले अहिले सञ्चालन गरिरहेको रुटमा बस चलाउन पाउने र तीन दिन भित्र यातायात कार्यालयले रुट पहिचान गरी अन्य रुटमा पनि सञ्चालन गर्न दिने सहमतिमा उल्लेख छ ।

त्यस्तै आन्दोलनका क्रममा पक्राउ परेका पुराना बस व्यवसायी समितिका प्रतिनिधिहरुलाई रिहा गर्ने सहमति भएको छ । यसैगरी पोखरामा थप गाडी सञ्चालन गर्न मिल्ने नमिल्ने अध्ययनको लागि कार्यदल गठन गर्ने र सो कार्यदलले दिएको सुझावको आधारमा अघि बढ्ने सहमति भएको छ । सबै क्षेत्रको दवाव र सल्लाह अनुसार पुराना व्यवसायी नयाँ समितिका गाडी सञ्चालन गर्न दिने सहमतिमा पुगेका हुन् । पोखरा नगर क्षेत्रभित्र सञ्चालन हुने गरी नयाँ समितिले रुट अनुमति पाएर सञ्चालनमा आएपछि पुराना व्यवसायी आन्दोलित भएका थिए । उनीहरुले गरेको आन्दोलनका कारण बिहीवार पोखरा सहित गण्डकी अञ्चलभर सार्वजनिक सवारी ठप्प हुदा यात्रुले सास्ती खेप्नुपरेको थियो ।

सहमति पछि नयाँ विन्ध्यवासिनी बस व्यवसायी समितिका सचिव रामचन्द्र अधिकारीले सिण्डिकेट तोड्न सफल भएको र नयाँ समितिको अस्तित्व कायम राखेको बताए । पोखरा बस व्यवसायी समितिका अध्यक्ष रमेश गिरीले सञ्चालनमा आएका वसलाई निर्वाद चल्न दिएपनि अन्य बस थप गर्ने वा नगर्ने भन्ने कुरा अध्ययन पछि मात्र तय हुने बताए ।

१५ केजी चरेससहित ५ जना पक्राउ

गोल्डेन न्यूज संवाददाता
पोखरा ६ फाल्गुन ।

लागूऔषध नियन्त्रण ब्यूरो पोखराले पछिल्लो १५ दिनमा ३० किलो भन्दा बढी चरेश वरामद गरेको छ । माघ २१ गते पोखराको सराङकोटबाट १५ किलो ५ सय ग्राम चरेशसहित पाँच जना पक्राउ गरेको प्रहरीले बुधवार पुन: चार जनालाई १५ किलो चरेश सहित पक्राउ गरेको छ ।

बिहीवार पत्रकार सम्मेलन गरी सार्वजनिक गरिएको विवरण अनुसार पक्राउ पर्नेमा मकवानपुर आग्रा २ का २९ वर्षीय चन्द्र कुमार लो, सोहि गाविस ३ का ३९ वर्षीय मान बहादुर लो, वडा नम्बर २ का ३१ वर्षीय बाबुलाल गोले र सोहि स्थानका २० वर्षीय सन्तोष खत्री रहेका छन् । उनीहहरुलाई लागूऔषध नियन्त्रण ब्यूरो पोखराबाट खटिएको प्रहरी टोलीले बुधवार पृथ्वीचोकबाट पक्राउ गरेको हो । गोले र खत्रीको साथबाट प्रतिव्यक्ति ७ किलो ५ सय ग्रामको दरले चरेश वरामद भएको प्रहरी निरीक्षक रविन्द्र गुरुङले जानकारी दिए । चन्द्र बहादुर र मान बहादुर मुख्य कारोवारी भएपनि गोले र खत्रीलाई भरियाको रुपमा प्रयोग गरेको प्रहरीले जनाएको छ ।

उनीहरुलाई चरेश पोखरा सम्म ल्याएवापत प्रति ब्यक्ति १० हजार रुपैयाँ दिने प्रलोभन दिएको प्रहरी समक्ष बयान दिएका छन् ।

उनीहरुले मकवानपुरबाट पोखरा सम्म चरेश ल्याउने र बिक्री गर्ने गरेको सुचनाको आधार प्रहरीले पक्राउ गर्न सफल भएको हो । पोखराका अन्य लागूऔषध सँगै चरेशको पनि कारोवार हुने गरेको सुराकी पाएको प्रहरीले त्यस विरुद्धको अभियान तीव्र पारेको छ । पक्राउ परेका बिरुद्ध लागुऔषध मुद्धामा कार्बाही अघि बढाउने प्रहरीले जनाएको छ ।

लागूऔषध नियन्त्रण ऐन २०३३ अन्तर्गत १० केजी भन्दा बढी चरेश उत्पादन, तयारी र खरिद बिक्रीमा संलग्नलाई २ देखि १० बर्ष कैद र १५ हजारदेखि १ लाख रुपैयाँसम्म जरिवाना हुने प्रावधान छ ।

शहीद गंगालाल हृदयरोग केन्द्र बाँसबारी
काठमाडौंका वरिष्ठ मुटुरोग विशेषज्ञ पोखरामा

के तपाई लामो समयदेखि सुगर प्रेसरकै समस्याबाट पीडित हुनुहुन्छ ? कतै तपाईंलाई मुटुको समस्या त भएको छैन ? मुटुरोग लागे औषधि नियमित खाइराख्नु भएको भए औषधिको मात्रा त मिलेको छ वा छैन ढुक्क रहन र प्रेसरको औषधि खाएर पनि प्रेसर कन्ट्रोल भएको छैन र जुन मुटु प्रेसर र सुगर रोग लाग्यो त्यही रोगसम्बन्धी विशेषज्ञलाई उपचार गराई ढुक्क रहन वरिष्ठ विशेषज्ञ **डा. श्यामराज रेग्मी** पोखरा आउँदै हुनुहुन्छ । स्वास्थ्य लाभ लिनुहोला ।

बिरामी जाँच : २०७२ फागुन ८ गते शनिबार
समय : विहान ९ बजेदेखि ३ बजेसम्म

सम्पर्क :
परिचित मेडिकल हल
पासिखेचोक, पोखरा, फोन : ९८४६०४१४९४

सुन्दर हेयर एण्ड ब्युटी

हाम्रोकहाँ लेडिज एण्ड जेन्सको लागि Hair Cutting, Hair Colour, Skin Treatment, Hair Treatment, Head Massage, Hair Straight, Hair Curly, Hair Extension गर्नुका साथै ब्राण्डेड प्रोडक्टहरुद्वारा फेसियल गरिन्छ । साथै मेनी केयर, पेडी केयर पनि गरिन्छ । प्रत्येक सुविधामा १५ प्रतिशत छुटको व्यवस्था समेत गरिएको छ ।

सम्पर्क: ९८४६८५९३३०
पोखरा ट्रेड मल, चिप्लेढुङ्गा
(First Floor X2)

BABIN TAILORING
Shirting & Suiting

बबिन टेलरिङ नै किन ?
- तपाईंले खोजेका कुनैपनि गुणस्तरीय ब्राण्डका कपडाहरुका लागि,
- तपाईंले भनेको समयमा आकर्षक एवम् गुणस्तरीय सिलाईका लागि,
- आकर्षक तथा आधुनिक डिजाइनका लागि,
- आकर्षक कोटका लागि गुणस्तरीय पेस्टिङ मेशिन प्रयोग गरिने,
- यहाँको माया, सद्भाव र विश्वासको निरन्तरताको लागि,
- अर्डर बमोजिम अफिस, बैंक, कलेज, स्कुल र विद्यालयका सम्पूर्ण पोशाकका लागि ।

बबिन टेलरिङ्ग सटिङ्ग एण्ड सुटिङ्ग

DIGJAM
Ashvira
OCM

हार्दिक बधाई एवं शुभकामना

श्री गौतम विजुक्छे

यस सहकारीका उपाध्यक्ष, नेपाली कांग्रेसका युवा नेता श्री गौतम विजुक्छेज्यू नेपाली कांग्रेसको १३औं महाधिवेशन अन्तर्गत नेपाली कांग्रेस, पोखरा उपमहानगरपालिका वडा नं. २ इकाइको गरिमामय सभापति पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै उहाँको कार्यकालमा नेपाली कांग्रेस सुदृढ, संगठित र एकतावद्ध भएर अघि बढ्न सकोस् भन्ने शुभकामना प्रकट गर्न चाहन्छौं।

केशरी प्रसाद तिवारी
अध्यक्ष एवं
त्रिशुल बचत तथा ऋण सहकारी संस्था लि. परिवार
पोखरा-८, पृथ्वीचोक

पोखरा उप-महानगरपालिकाद्वारा सम्बन्धित सरोकार वालाहरूको नाममा जारी गरिएको अत्यन्त जरूरी सूचना

स्थानीय स्वायत्त शासन ऐन, २०५५ फोहोरमैला व्यवस्थापन ऐन २०६८ पोखरा उप-महानगरपालिकाद्वारा जारी प्लाष्टिकजन्य वस्तु निषेध कार्यविधि २०७२ एवं उप-महानगरपालिकाको २०औं नगरपरिषद्को निर्णय बमोजिम पोखरा उप-महानगरपालिका क्षेत्रभित्र प्लाष्टिक झोला र प्लाष्टिक गिलासको उत्पादन, ओसार-पसार तथा विक्री वितरणलाई मिति २०७३ वैशाखदेखि पूर्णत: निषेध गर्दै पोखरा उप-महानगरपालिकालाई प्लाष्टिक झोला एवं प्लाष्टिक गिलास निषेध घोषणा गर्ने कार्यक्रम रहेको छ ।

तसर्थ मिति २०७२ साल चैत्र १५ गतेसम्म आ-आफ्नो मौज्दातमा रहेका प्लाष्टिक झोला एवं गिलास तत्कालै व्यवस्थापन गर्नु/गराउनुहुन अनुरोध छ। तत्पश्चात यस पोखरा उप-महानगरपालिकाबाट खटिने अनुगमन टोलीबाट अनुगमनको क्रममा उपरोक्त अनुसारको निषेधित वस्तु फेला परेमा जो कोहीलाई कडा भन्दा कडा कार्वाही भै जाने हुँदा सो अवधिभित्र प्लाष्टिक झोला एवं प्लाष्टिकका गिलास पूर्णरुपमा विक्री वितरण, उत्पादन, ओसार-पसार नगर्नु/नगराउनुहुन सम्बन्धित सबैका लागि अनुरोध छ। साथै २०७२ चैत्र १५ गते पश्चात् प्लाष्टिक झोला उत्पादन, विक्री-वितरण तथा उपयोग गरेको पाइएमा कानूनत: दण्डनीय हुने हुँदा सो नगर्नु/नगराउनु भइ पोखरा उप-महानगरपालिकालाई प्लाष्टिक झोला तथा गिलास निषेधित उप-महानगरपालिका बनाउने अभियानमा सघाउन एवं वातावरणमैत्री उप-महानगरपालिका बनाउन सहयोग गर्नुहुन सम्बन्धित सबैमा पोखरा उप-महानगरपालिका कार्यालय हार्दिक अनुरोध गर्न चाहन्छ ।

झलकराम अधिकारी
प्रमुख/कार्यकारी अधिकृत
पोखरा उप-महानगरपालिका कार्यालय
पोखरा-८, न्यूरोड

साहित्य

मुक्तकहरु

तीर्थराज अधिकारी

हरेक दिन नयाँ दिन आउँछ
मौका भने एकछिन आउँछ
अवसर पाउँदा आँखा चिम्लियो भने
मानिस रात दिन पछुताउँछ ।
धर्म-अधर्मको भय हुन्छ
हृदयमा भरपुर दया हुन्छ
भद्र मानिसको समीप पुगेर हेर !
प्रत्येक वाणी अमृतमय हुन्छ ।

❖❖❖

माछा र पानीको नाता झिलमा रहन्छ
मानिस र विचारको नाता महफिलमा रहन्छ
केवल असन्तोष मात्र शब्दमा सुहाउँछ साथी !
आत्मियताको नाता त सबैको अन्तर दिलमा रहन्छ ।

❖❖❖

चमन हो, फूल छ फुल्छ
दिवार छ, बार छ, गेटमा चुकुल छ
पर्खिरहेछ, कुरिरहेछ पथिक बाहिर
विना सूचना ! थाहा छैन कहिले खुल्छ ?

❖❖❖

खोजी-खोजी टाढा-टाढा हिड्दै पर्दैन
दर भाउ मोल तौल छिन्नै पर्दैन
आफूलाई अलिकति पुगिसरी आयो भने
शत्रुता त सित्तमैमा पाइन्छ किन्नै पर्दैन ।
सलाम गरेन भने आँखा तर्छन्
उनका कुरामा सही नथापे खाउँला जसो गर्छन्
अरुले आफूलाई नरुचाएको बुझेपछि पनि
मान्छेहरू व्यर्थै किन गजक्क पर्छन् ?

❖❖❖

पीडितको राहत चोट्याउनेको खाँचो छैन यहाँ
राष्ट्रको ढुकुटी खोट्याउनेको खाँचो छैन यहाँ
यि तीन कुरामा भने आत्मनिर्भर छौं हामी
झन् तिम्रै मात्र गल्ती कोट्याउनेको खाँचो छैन यहाँ ।

❖❖❖

कति खुराफात जानेका हुन् ? खुब जानेका हुन्
तिमीले प्रगति गर्छौ की भन्ने शङ्का मानेका हुन्
कसै तल भए त टाउकोमा टेक्थे होलान्नी साथी
आफू माथि भएर नैरुले खुट्टा तानेका हुन् ।

❖❖❖

बीचमा छोडु भने पनि काम त्यसै टर्दैन
हातमा ठेला परिसके अझै मेलो सर्दैन
थकाई मार्दै बरु भत्ते औजारमा धार लगाए भने
यति साह्रो मेहेनत गरिरहनै पर्दैन ।   क्रमश:

आजको पञ्चाङ्ग

मिति २०७२ साल फाल्गुण ७ गते शुक्रबार, तदनुसार फरवरी १९ सन् २०१६, श्रीशाके १९३७, नेपाल संवत् ११३६, कीलकनामकः संवत्सरः, सूर्य पृथ्वीको उत्तरी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । शिशिर ऋतु चलिरहेको छ । चान्द्रमान अनुसार माघशुक्लपक्ष चलिरहेको छ । सौरमान अनुसार आज माघशुक्लपक्षको द्वादशी तिथि ३९ घटि ५१ पला अर्थात रातिमा १० बजेर २० मिनेटसम्म त्यसउप्रान्त त्रयोदशी तिथि लाग्नेछ । आज सूर्य कुम्भ राशिमा, चन्द्रमा कर्कट राशिमा अहोरात्र रहनेछ । आज दिनमान २८ घटि १३ पलाको रहनेछ । आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर ४० मिनेटमा विभिषण मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर ५७ मिनेटमा हुनेछ ।

आजको राशिफल

मेष : सरकारी काम असफल हुनेछ, पारिवारिक विवाद थपिने, दीर्घ रोगको सुरुवात हुनेछ सतर्क रहनुहोला ।
वृष : खेलकुदबाट मनोरञ्जन प्राप्त हुनेछ, सकारात्मक सोचाईले गर्दा आर्थिक लाभ, स्वास्थ्य राम्रो रहनेछ ।
मिथुन : धार्मिक कार्यतिर समय खर्च हुने, पति-पत्नीबीच वैमन्यश्यता बढ्ने, आम्दानीका श्रोत घट्न सक्ने ।
कर्कट : मनमा उत्साह बढ्नेछ, स्वास्थ्यमा क्रमिक सुधार, वैदैशिक रोजगारको अवसर मिल्नेछ, समय राम्रो छ ।
सिंह : टाढाको यात्रामा शारीरिक पीडा हुन सक्ने, सोचेजस्तो काम गर्न असफल, आफन्तबाट धोका हुनेछ ।
कन्या : इष्टमित्रबाट सहयोग गर्नेछन, आफन्तसंग रमाइलो भेटघाट, प्रेम-प्रसँग सुमधुर रहने, यात्रा फलदायी हुनेछ ।
तुला : शत्रुहरु सक्रिय हुनेछ, धनमल हराउन सक्नेछ, नकारात्मक सोचाइले गर्दा आर्थिक नोक्सानी हुनेछ ।
वृश्चिक : राजनैतिक दुःख झेल्नुपर्ने, आत्मीयजनबाट धोका र कलहले दिनभर मनमा तनाव हुनेछ होसियार हुनुहोला ।
धनु : सन्तानको सहयोगले अधुरा कार्य पूरा, उत्साह उमंग थपिनाले दिन अत्यन्तै राम्रो रहनेछ उपयोग गर्नुहोला ।
मकर : यात्रामा अवरोध हुन सक्नेछ, पेट रोगले सताउनेछ, स्त्रीवर्गसँग किचलो हुने, गरेको कार्य अर्थहिन हुने ।
कुम्भ : आँखामा खराबी आउन सक्नेछ, पढाई असफल हुन सक्ने, दिनभर नैरास्यता बढ्ने, समय खराब छ जोगिनुहोला ।
मीन : मनोरञ्जन तिर मनजाने, रमाइलो भ्रमणको अवसर, पारिवारमा खुसीयालीले गर्दा दिन सुखमय हुनेछ ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

साहित्य/सिर्जना



लेखनाथ काफ्ले र उनको मट्याङ्ग्राका कुरा

असफल गौतम

आफूलाई लाग्छ, न यो खराब आदत हो न असल, छुट्याउन सकिरहेको छैन । असल हो भनु भने मैले लेखेका समीक्षाका विषयलाई लिएर असफलले समीक्षा लेखेको छ भन्ने खबर सुन्दा जति उत्साहित भएको थिए अध्ययन गरेपछि मेरो उत्साह शुन्यमा झर्यो भन्नेहरू पनि छन् । उनीहरूलाई देख्दा मेरो यो खराब आदतलाई कसरी सुधार्ने होला भन्ने लाग्छ । त्यो मात्र पनि होइन, सर ! तपाईंले मेरो कृति अध्ययन गरेर मनमा लागेका कुरा लेखिदिनु भयो तपाईंले लगाएको ऋण कसरी तिर्न सक्छु ? एक दिन समय मिलाएर हाम्रो घरमा आउनु होला, धेरै साहित्यिक गतिविधिका बारेका र वर्तमानको लेखनीका विषयमा अनि आफ्नै दुखम्सुखम् कुराकानी गरेर बसौंला भन्नेहरू पनि छन् । उनीहरूले यसो भन्दा म असल मार्गमा लागेको रहेछु भनेर चित्त पनि बुझाउछु । यो त घर बाहिरको कुरा भयो । घरभित्र पसेर हेर्ने हो भने त्यहाँ पनि उस्तै डरलाग्दो रोग छ । खुरुक्क आयोगका पुस्तकहरू अध्ययन गरेर सरकारी जागिर खानतिर ध्यान जानु छैन, साहित्य(साहित्य भन्दै महिनाभरिको तलब ल्यायो पत्रिका र कृति भन्यो आफू नाङ्गाको नाङ्गै । एक दिन घर बस्ने पनि होइन, न समयमा खानु न सुत्नु । यो परिवारको कचकच हो । फेरि ९० वर्षीय आमा पनि भन्नुहुन्छ, एउटा मटरसाइकल किन भन्दा किताब निकारेल बाढिस् बाबु ! किन फक्कैमा यी किताब र पत्रिका निकालेर बाढेको छस् ? अब त केटाकेटी भएर नहिड् न ! यस्ता यावद कुरा सुन्दा मैले नकाम गरेकि भनेर सोच्छु । बिस्तरामा पल्टेर सम्झन्छु, मलाई थाहा छ । मैले थालनी गरेको काम नकाम हैन । हिजो भूपी शेरचनलाई बाबुले बाटो खर्च लिएर जाऊ भन्दै दिएको रुपैया पैसा च्यातेर हिडेका थिए साहित्य सिर्जनाका लागि । लोककवि अलि मियाँ चौतारीमा बसेर चुरा बेच्दै फुर्सदको समयमा साहित्य साधना गरेको सम्झन्छु । गोकुल जोशी डुल्दै डुल्दै भनेका वाक्यहरू भोकभोकै मर्न लागे कवि कलाकार भनेर लेखेको पनि सम्झन्छु । मैले त घरमै बसेर कलम चलाएको छु । मन बुझाउछु अनि फेरि लेख्न थाल्छु । यहाँ उल्लेख गरेका पङ्क्तिकारका आफ्ना गथासोक र गुनासा भए तर उठान गरिएको विषय भनेको लेखनाथ काफ्ले र उनको पछिल्लो समय प्रकाशन भएको सबैभन्दा लघु तर दमदार विधाको रुपमा चिनिएको विधाको कृति मट्याङ्ग्रा (२०६८) मुक्तकसङ्ग्रहको हो ।

घर कहाँ हो भनेर स्याङ्जामा खोजी भयो भने लेखनाथ काफ्लेको बस्ती हराउन सक्छ तर लेखनाथ काफ्ले को हो भनेर स्याङ्जामा खोज्यो भने उनको पहिचान हराउन सक्दैन । किनकि स्याङ्जाली साहित्यमा लेखनाथ काफ्ले कुनै नयाँ नाम होइन । मैले चिनेको लेखनाथमा त्यही फरक छ र हिजोको लेखनाथ आजको लेखनाथ हुनुको कमाइ पनि त्यही हो । सिङ्गो स्याङ्जामा कयौं मान्छेहरू छन्, तमाम मान्छेको किन खोजी हुँदैन ? कयौं विद्यालयका शिक्षकहरू छन्, किन उनीहरूको नाम सम्झदैनन् र थाहा हुँदैन ? किन अरु शिक्षकहरूलाई असफलले चिनेको छैन ? फेरि त्यो सुन्तलाबारी भनेको न आफू गएको, न देखेको छ र पनि चिन्छ पङ्क्तिकारले लेखनाथ काफ्लेलाइ। त्यही हो आजसम्मको लेखनाथ काफ्लेको कमाई र सन्तुष्टि पनि । यी र यस्ता सावद प्रश्नहरूको जवाफ बनेका छन उनी त्यसैले लेखनाथ काफ्ले महान छन् । यस्तै कुरा सम्झन्छु र म कलमको गति अगाडि बढाउछु ।

पङ्क्तिकारलाई पछिल्लो समय स्याङ्जा साहित्य प्रतिष्ठानबाट प्रकाशन भएको उनै काफ्लेको मुक्तकसङ्ग्रह मट्याङ्ग्रा (२०६८) उपहार भेट मिलेको छ । एउटा पाठकको धर्म के हो ? मैले कति बुझे या बुझेको छैन थाहा छैन । मेरो हात परेका पुस्तकको अध्ययन ढिलोचाडो ति अध्ययनका विषय बन्छन् । अध्ययनका विषय मात्र हैन, लेखकका सम्मानकाखातिर लिखित या मौखिक शब्द खर्च हुन्छन् । यो मेरो आदत बनेको छ त्यसैले आज मेरो विवेकको मसीले विचारका अक्षर पारिरहेको छु, उनै काफ्लेको मट्याङ्ग्रामा नजर डुलाएर । २०४४ सालमा वियाड नामक कविता कृतिबाट साहित्यमा लागेका लेखनाथ काफ्ले स्याङ्जाली साहित्यका क्रियाशील सर्जक हुन् । उनीसँग वर्षौंवर्षको समयावधि सँगसँगै बिताएको पनि छैन पङ्क्तिकारले । उनका आधा दर्जन कृति प्रकाशन हुँदा उनीसँगको नजिकैको भेटघाट भनेको बारम्बार हुने गरेको पनि हैन, कहिलेकाही आक्कल झुक्कल मात्रै हो । तिनै आक्कल झुक्कलका बसाईंले उनको मेहेनत, सालिनता, इमान्दारिता, कर्मशीलता, सङ्घर्षशीलता, भद्रता र नम्रताजस्ता अनेकन गुणहरूका बारेमा पङ्क्तिकारले जानकारी प्राप्त गरिसकेको छ । आजसम्म लेखनाथ काफ्लेसँगको भेटबाट यो कलमजीविले कमाएको पनि त्यही हो र उनका गुणदोष भनेका पनि यिनै हुन् यी बाहेक भन्नु केही छैन ।

वियाड (२०४४), सपना (२०४६), अचार (२०६६), रामवाण (२०६७) र मटयाङ्ग्रा उनका साहित्यिक कृति हुन् । यसबाट उनको साहित्यिक यात्रा कसरी अगाडि बढेको छ भन्ने कुरा पनि प्रष्ट हुन्छ । एक ग्रामीण परिवेशमा हुर्केर, बढेर, पढेर अनि सिक्ने र सिकाउने पेशा अपनाएका लेखनाथले जिन्दगीमा सिक्ने र सिकाउनेबाहेक अरु केही पनि जानेनन् । यदि उनले सबै कुरा जानेको भए फेरि आजको लेखनाथ काफ्ले बन्ने पनि थिएनन् । उनलाई आफ्ना अग्रजले मार्गनिर्देश गरेर छोडेको असल बाटो समाते । न उनी भरीलो, सुकिलोमुकिलो देखेर लोभिए, न धनदौलत, मेवा मिष्ठान्न देखेर त्यहा हाम फाले । न उनले शिक्षणका नाममा खेताला शिक्षक राखेर विद्यार्थीको भविष्यमाथि खेलवाड गरे । न त साहित्यको उत्थानका नाममा दुनियाको चाकडी, पार्टीको झण्डा र अरुको लठ्ठी बनेर हिडे । अरु साहित्यकार र लेखनाथबीचको प्रतिष्ठाको पोल खुल्ने विषय भनेको यही हो त्यसैले उनी स्याङ्जाली साहित्यमा मात्र नभएर नेपाली साहित्यको आकाशमा महान क्रियाशील सर्जक भनेर आफ्नो द्रबिलो पाइलो पारेका छन् । त्यसैले स्याङ्जामा रहेका अरु सर्जक र लेखनाथबीचको मतमिन्नता कसैसँग केही कुरामा हुन्छ भने फरक भनेको यही कुरामा हुन्छ । उनी असल मार्गमा बाटो नबिराइकन, कसैलाई नपिराइकन र नडराइकन हिडेका छन् र त आजसम्म आइपुगेका छन् ! जिन्दगीका बाटाहरू अनकन्टार र डरराग्दा छन् । बिहान बादल खुलेर घाम लागेको वेला दिनको मध्यानमा बादल मडाएिका दिनहरू इतिहासका पानामा रहेका छैनन् र ? फेरि उनले सिकाएकाहरू उनी भन्दा धुरन्धर बन्यौं भनेर उनीसँगै फुर्ति देखाएकाहरू पनि छैनन् र ? उनको महानतामा उनी गर्व गर्छन आफ्नै चेलो हो राम्रो गरेको छ भनेर । फेरि नेपाली समाजमा अर्काको राम्रो गरेको देख्न सक्ने को होला र ? यस्तै लेखनाथ काफ्ले छन् र त उनको पहिचान उचो बनेको छ वर्तमानमा । मुक्तकको संरचना विवादमा देखिएका विविध समस्याहरू उनको यस सङ्ग्रहमा पनि देखिएका छन् । जम्मा ८४ पृष्ठमा फैलिएको कृति भित्र उनका २२० वटा मुक्तकहरू रहेका छन् । उनको पछिल्लो कृति मटयाङ्ग्रा चतुष्पदिय रुबाइयात संरचनामा संरचित मुक्तकहरूको सङ्ग्रह हो । वर्तमानमा मुक्तक भनेको रुबाइयात संरचनाको मात्र मुक्तक हे भन्नेहरूको लाम एकातिर रहेको छ भने अर्कोतर्फ मुक्तकका संरचना चार थरी छन् भन्नेहरू एकातिर रहेका छन् । उनका सबै संरचना रुबाइयातका रहेका छन् तर वर्तमानमा लेख्न गरिएका रुबाइयात संरचनामा रहेर तुक मिलेका मुक्तक भने उनको सङ्ग्रहमा ज्यादै कम रहेका छन् । आकारमा हिसाबले कृति सानो तर आयामका दृष्टिले ठूलो हो । दुई सय बीसवटा मुक्तकका विषयवस्तु भनेका एकाएक गरेर केलाउने हो भने महाभारतको युद्ध सम्झनु हो । त्यसैले उनका केही गुण र दोषको बारेमा थोरबहुत चर्चा गर्ने नै यो बसाईंको मुख्य ध्यये रहने छ ।

उनको साहित्यिक यात्रातर्फको मुक्तक लेखन निकै द्रुतगतीमा अगाडि बढेको देख्न सकिन्छ यो निकै पंशंसनीय कुरा हो । यसभन्दा अगाडिको कृति अचारमा पनि उनले मुक्तक खण्ड भनेर ३३ वटा मुक्तकहरू समावेश गरेका थिए । त्यहीबाट उनले आफ्नो मुक्तक यात्राको सशक्त पाइलो पारेका थिए । मलाई सम्झना छ उनको अचार भित्रको एक मुक्तक र उनले भनेका छन्, महलभित्र मुर्ख बस्छन्, कुटीभित्र ज्ञानी बस्छन् संसार नै उल्टो छ कि ? अर्ध मान्छे विदेश फस्छन् । (पृष्ठ:९२ अचार) यसबाट उनको मुक्तक क्षेत्रको क्रियाशीलतालाई दर्शाएको वेला मुक्तकसङ्ग्रह नै प्रकाशन हुनु निकै समय सार्न्दभिक कुरा हो । यस्तै उनको मट्याङ्ग्रा भित्र संग्रहित अन्तिम अन्तिम तिरका मुक्तकहरू निकै दमदार र मार्मिक अनि पक्का रुबाइयात संरचनाका रहेका छन् । अग्रज साहित्यकार विश्वप्रेम अधिकारी र मुक्तकका पहिलो विद्यावारिधी डा. मुरारी पराजुलीको आलेखले उनका मुक्तकको तौल ग्रहौं बनाएको छन् । हेरौं एक उत्कृष्ट मुक्तक:

मलाई गंगा नलैजानु मरेपछि गाडे हुन्छ
त्यही ठाउँमा राम्रो हुने कुनै बेर्नो सारे हुन्छ
ठूलो भई फाइदा दिओस् त्यो बुटाले प्राणीलाई
पिण्ड दिने तिथि सम्झी तपर्ण त्यही पारे हुन्छ । (पृष्ठ:७४)

यस्ता मुक्तकहरू समावेश भएर उनको कृतिको तौल गहुँगो बनाएको मात्र हैन । उनलाई एक धुरन्धर मुक्तककारको कोटामा उभ्याएको अनुमान गर्न सबैलाई सहज भएको छ । नेपाली जनजीवनको भाषाशैलीलाई पटक्क टिपेर साहित्यको मालामा उनेर प्रदशर्न गर्न सक्नु उनको मौलिकता हो । उनी मौलिकतालाई मन पराउने साहित्यकार हुन र त उनका कृतिको मौलिकताको गुणगान हुन्छ । भाषाशैलीको सन्दर्भमा पनि उनी आगन्तुक, ठेट नेपाली र झर्रा शब्दको अधिक प्रयोग गर्ने सफल प्रयोक्ता हुन् । उनका कृतिका नामबाट पनि त्यो कुरा प्रष्ट हुन्छ । नेपाली जनजिब्रोका बोलीहरू नै उनका कृतिका शीर्षक बनेका छन् भने त्यहाँ प्रयोग भएको भाषा त्यसैबाट मुल्याङ्कन गर्न सकिन्छ । बिम्बप्रतिक र अलङ्कारको सन्दर्भमा पनि उनी समयसान्दर्भिक बिम्बको प्रयोग गरेर आफ्नो साहित्यिक यात्रालाई दमदार बनाएका छन् । त्यसैले उनी यहाँ उल्लेख गरेको विविध पाटाहरूमा सफल र उत्कृष्ट मुक्तककारको रुपमा देखापर्छन । हामी सबैलाई थाहा भएको कुरा हो । दुनियामा ३२ लक्षणले युक्त बस्तु यो दुनियामा रहदैन् भनिन्छ यस्ता राम्रा पक्षहरू हुँदाहुँदा पनि उनका केही नराम्रा र कमजोर मुक्तकहरू पनि समावेश भएका छन् यो कृतिमा । कृति भित्रका मुक्तक उनले रुबाइयात संरचनाका बनाउन खोजे पनि केही बन्न सकेका छैनन् । यो उनले नस्वीकारे पनि छरपष्ट देखिने कुरा हो । एउटा सर्जक समीक्षाकको आँखामा स्वच्छ कसै पनि रहन सक्दैन । त्यहाँ हरेक कोणबाट अध्ययन विश्लेषण र अध्ययन हुन्छ अनि कसरी स्वच्छ देखिन्छ त धुलो मैलो त कही केही हुन्छ नै त्यसतै लेखनाथ काफ्लेका मुक्तकमा पनि केही धुलो मैलो टासिएका छन् । कुनै पनि कृतिको मुटु भनेको आवरण वा पुस्तकको बाहिरी कभर हो । उनले आफ्नो मुक्तकसङ्ग्रहलाई निकै उत्कृष्ट बनाउन खोजे पनि बाहिरी आवरणको व्यवस्थापन सही रुपमा नहुँदा लेखकको नाम पनि धन्नै चिप्लीएको छैन । यो छपाईंको प्राविधिक समस्याले गर्दा देखिएको समस्या हो । उनलाई थाहा हुनुपर्छ कि एउटा नववधुका लागि तयार गर्नका लागि टिपिएको दुबो राम्रोसँग धागोको तानमा उन्न सकियो भने मात्र वधुलाई पहिराउने सुन्दर माला बन्न पुग्छ र जसलाई जिन्दगीको सबैभन्दा उत्कृष्ट क्षणको रुपमा लिन सकिन्छ । तर दुबो टिपेर थुपारेर मात्र त्यहाँ सबै समय र सन्दर्भको संयोजन मिलाउन सकिएन भने त्यसको कुनै अस्तित्व र औचित्य रहदैन । त्यसैले उनको आगामि कृतिमा उनले संयोजनको सन्दर्भलाई निकै नै ख्याल पुऱ्याउनु पर्ने देखिन्छ । फेरि समस्या यो पनि हुन सक्छ । बजारमा छपाइका लागि छोडेर गाउ गयो आएर पुस्तक बोकेर गयो यसको समस्या भनेको यही हुन सक्छ आकलन गर्दा खेरी तर आगामी दिनमा त्यस्ता कुराहरू भन्दा पनि उनको लगानिको, योगदानको र लेखनाथ काफ्लेले आजसम्म बनाएको पहिचानको कुरा जोडिएर आउने भएको हुँदा पनि उनले यस्ता कुरामा समयमै ध्यान पुऱ्याउन आवश्यक देखिन्छ । जिन्दगीमा आमाबाबु भन्नु भनेको मृत्युलाई जित्नु हो । मृत्युलाई जितेर पाएको जीवनको पनि अस्तित्व जीवन जस्तो रहन सकेन भने त्यहाँ जीवन जिउँनुको कुनै अर्थ हुदैन । यहाँ यसो भन्नुको अर्थ बताइरहनु आवश्यक छैन । न बास रहे न बजे मुरली भनेर गाउँ घरमा भनेको उखान चरितार्थ हुन बेर लाग्दैन त्यसैले उनले आगामी दिनमा सचेतता अपनाउनु पर्ने आवश्यकता देखिन्छ । यहाँ उल्लेख गरेका कुराहरूमा । स्याङ्जा साहित्य प्रतिष्ठानले पुस्तक प्रकाशनको जिम्मा लिएको छ तर प्रकाशकीय छैन यो अर्को कमजोर पक्ष हो । समर्पण भनेको कुरा कि ज्युदाँको लागि कि स्व. भएकाका लागि गरिन्छ तर उनले स्व. पिता मेघनाथ काफ्ले र सम्पूर्ण साहित्यप्रेमीहरूमा समर्पित गरेका छन् । यसले गर्दा सबै स्व. साहित्यप्रेमिलाई हो या कसलाई यो निकै सचेतता अपनाउनुपर्ने कुरा हो । कृति भित्रका व्याकरण, क्रियापद र शब्द विन्यासजस्ता समस्याले गर्दा दाँतमा ढुङ्गा लागेजस्तो अनुभूति गरिएको छ । हेरौं एक त्यस्तै के नमिलेको के नमिलेको लाग्ने एक मुक्तक:

देशको साँध लुटिएको वेला मेरो परिचय रुने गर्छ
गरिबको बेहाल भएको वेला मेरो परिचय रुने गर्छ
भरिसक्य कसैले मेरो परिचय नमाग्नु होला
देशमा बादल लागेको वेला मेरो परिचय रुने गर्छ (पृष्ठ:५९)

यहाँ परिचय रुने कुरा आएको छ । यसलाई मुक्तककारले कसरी व्यक्त गर्न खाजेको त्यो शब्द संयोजन उत्कृष्ट भएता पनि व्यवस्थापनको समस्या गम्भिर रुपमा देखिएको छ । किनकि परिचय भनेको प्रतिष्ठान हो र यो आफै रुने कुरा आजसम्म भएको छैन । यहाँ परिचयको ठाउँमा मन रुने गर्छ भन्न पाएको भए कति सुनमा सुगन्ध हुने थियो होला ? त्यसैले शब्द चयन र व्यवस्थापनमा पनि केही ख्याल पुऱ्याउनुपर्ने देखिन्छ ।

अन्तमा के भन्न सकिन्छ भने, लेखनाथ काफ्ले स्याङ्जाली साहित्यको एउटा ध्रुवतारा हुन् । अब उनी अस्ताउँदैनन् र अस्ताउने काम पनि गर्दैनन् यो पङ्क्तिकारलाई पूर्ण विश्वास र भरोसा छ । स्याङ्जाली साहित्यमा आफ्नो पहिचान बनाइसकेका लेखनाथजीको अबको गन्तव्य भनेको आजसम्म कमाएको मान प्रतिष्ठा र इज्जतको जतन गरेर राख्नु हो । किनकि समय परिवर्तनशील छ कोही भेला घुनपुत्ला लाग्न सक्छ कोही वेला बादल मडारिन सक्छ र कोही वेला महाविपत्ति पनि आउन सक्छ । यस्ता यावद परिवेशबाट आफूलाई सर्तक गराउँदै अगाडिका पाइला गतिशील बनाउनु समयको माग हो यसैमा नै सबैको भलाई रहेको छ अस्तु ।

नेपाली कांग्रेसको महाधिवेशन र अबको बाटो

पदम बस्ताकोटी

नेपाली जनतालाई राजनैतिक चेतना जगाएर राणाकालिन कठोर नीति र कदम विरुद्ध स्वतन्त्रता, प्रजातन्त्रको आवाज उठाउने ठूलो जोखिम लिएर चुनौति लिने कांग्रेस २१औं सताब्दी सुहाउदो नीति कार्यक्रम र नेतृत्व चयनको संघारमा उभिएको छ । पाँच लाख भन्दा बढी क्रियाशिल सदस्यबाट चयन हुने नेतृत्वले समाज परिवर्तन, विकासको सम्भावना र सोही बमोजिम समग्र नेपाली जनतालाई विकासप्रति उद्देलित गरी स्थायी शान्ति, विकास र समृद्ध राष्ट्र निर्माणको जिम्मेवारी पुरा गर्न सक्नुपर्छ । नेपाली कांग्रेसका सम्पूर्ण कार्यकर्ता सिङ्गो कांग्रेस एकढिक्का कांग्रेस र गतिशिल साथै विकासको संकल्प लिएको कांग्रेस देख्न चाहेका छन् । कोठे राजनीतिमा सक्रिय, गुटउपगुट निर्माण, सम्भावना बोकेको नेतृत्वलाई तह लगाएर आफ्नो अस्तित्व स्थापित गर्ने नेता समग्र समाज विकासको वाधक हुन् । राजनीति र समाजसेवा कुनै लहडमा सम्भव हुने विषय होइन । यो त विशुद्ध त्याग, समर्पण, विवेकपूर्ण कार्यमा आत्मसन्तुष्टि लिन सक्ने भविष्य द्रष्टाले लिने जोखिमयुक्त शाहसिक कदम हो । केबल आदर्शले मात्र न त घर परिवार चल्छ, न त समाज, न त गतिशिल राष्ट्र नै । समग्र जनतामा उनीहरुको क्षमताको सम्मान गर्दै राष्ट्रिय भावनाका साथ चाहे सत्तापक्ष होस या प्रतिपक्षमा रही रचनात्मक, मौलिक र जनताको आवश्यकता परिपूर्ति गर्न नेतृत्व यो महाधिवेशनमा आउनुपर्छ । प्रजातन्त्रको माला जप्ने, नीति निर्माण योजना र कार्यन्वयन पक्ष कमजोर देखिएमा सबैभन्दा शक्तिशाली जनताले आगामी दिनमा पहिलो पार्टीको रुपमा स्वीकार गर्न कठिन हुन्छ । शिथिल अवस्थामा रहेका भातृसंघहरुको देशव्यापी प्रशिक्षण सहित नेतृत्व चयन, विभिन्न विभाग गठन सहित ठोस कार्याक्रम निर्माण र कार्यान्वयन, जनताका प्रतिनिधिको जनतासंग निकट रहि विकास निर्माणमा सक्रियता युवाहरुलाई रोजगारी र क्षमता अभिवृद्धि गरी स्वआर्जन र व्यवसायिक बनाउन विभिन्न कार्यशाला, गोष्ठी, प्रशिक्षण जसता जनतासंगै प्रत्यक्ष सरोकार राख्ने जनजीविका सहज बनाउन उद्धत रहने कार्यक्रम आजको आवश्यकता हो । गिरिजाप्रसादको उत्तराधिकारी बन्दै सभापति बन्न सफल सुशिल कोइरालाको नेतृत्वमा नेपाली कांग्रेसले ऐतिहासिक दुई काम सफलतापूर्वक सम्पन्न भए एक तेस्रो स्थानमा खुम्चिएको साखलाई पुर्नजागरणका साथ राष्ट्रको पहिलो पार्टीमा स्थापित भयो भने पहिलो संविधान सभा असफल मात्र नभई जनतामा संविधान सभाबाट संविधान बन्दैन भन्ने मानसिकतालाई चिर्दै ८०५ भन्दा बढी जनताको प्रतिनिधिद्वारा स्वीकृत संघीय लोकतान्त्रिक गणतन्त्र नेपाललाई नया संविधान प्रदान गर्न सक्नुभयो । सुशिल कोइरालाको अनुपस्थितिमा अब हुने १३औं महाधिवेशनले स्थापित गर्ने नेतृत्वले संविधानको सफल कार्यान्वयन स्थायी शान्ति, विकासको प्रचुर सम्भाव्यताको खोजी गरी रोजगारी वृद्धि गरी युवाहरुको विदेश पलायनबाट रोक्न सक्ने तागत र सामर्थ्य देखाउनु पर्छ । आज माओवादीले समेत पूँजीको निर्माण र विकास पहिलो प्राथमिकतामा राखेको अवस्थामा राष्ट्रिय महत्वका आयोजनालाई श्रोत साधनको अभाव हुन नदिने र थप राष्ट्रिय आयोजना **Megha Project** हरु सञ्चालन गरी विदेशी लगानी भित्र्याउने कार्य अगाडि बढाउनु पर्छ । समृद्धिमा नै लोकतन्त्र र स्थायित्व हुने हुनाले देशमा अस्थिरता ल्याउन चाहने तत्व र विकास आयोजना विरोधी कार्य गर्नलाई सङ्कटकाल घोषणा गरी समृद्ध नेपाल लोकतान्त्रिक नेपाल साथै त्यसको प्रयाय नेपाली कांग्रेस हो भन्ने जनतामा स्थापित गराउनुपर्छ । सक्षम व्यक्तिलाई उचित स्थान नदिने आफन्त र निकट व्यक्तिको सानो कोटरीमा थालियो भने सुशिल कोइराला जत्तिकै पनि सफल सभापति बन्न पनि गाह्रो हुनेछ । भूकम्प र नाकाबन्दीले जर्जर बनेको अर्थतन्त्र चलायमान गराउन र विकास खर्च कम्तिमा ८०५ भन्दा माथि समयमै खर्च गर्ने परिपाटी विकास गर्न नीति निर्माण र बाधक नियम कानूनको संशोधन गरी अगाडि बढ्न प्रमुख पार्टीको हैसियत बोकेको कांग्रेसले नेतृत्व गर्नुपर्छ । यसको लागि जुझारु अनुभवी र सक्षम नेतृत्व आगामी १३औं महाधिवेशनले स्थापित गरोस् ।

लाटोकोसेरो तथा हुचिल संरक्षण गर्न सिक्लेसमा महोत्सव

गोल्डेन न्यूज संवाददाता
पोखरा ६ फाल्गुन ।

किसानको साथीका रुपमा लिइने लाटोकोसेरो तथा हुचिल संरक्षणमा योगदान गर्ने लक्ष्यका साथ शुक्रबारदेखि कास्कीको पर्यटकीय गाउँ सिक्लेसमा लाटोकोसेरो हुचिल महोत्सव हुने भएको छ । संरक्षण क्षेत्र व्यवस्थापन समिति, पार्चे तथा प्रकृतिका साथीहरू नामक गैरसरकारी संस्थाको आयोजनामा दुई दिने महोत्सव गर्न लागिएको हो। प्रकृतिका साथीका कार्यकारी निर्देशक राजु आचार्यका अनुसार नेपालमा लाटोकोसेरोको संरक्षणका लागि उत्सव मनाउन थालिएको पाँच वर्ष भएको र यसअघि धादिङ, चितवन, नवलपरासी र गोरखामा सम्पन्न भइसकेको छ ।

यस्तो महोत्सव नेपाल बाहिर अमेरिका र इटालीमा पनि मनाइने गरेको आचार्यले जानकारी दिए। किसानले लगाएको बालीनाली नोक्सान गर्ने मुसा, किरा फट्याङ्गा, सर्प जस्ता वस्तु खाइदिने भएकोले लाटोकोसेरोलाई किसानको साथी पनि भनिन्छ। 'यो प्रजाती लोप हुनथालेका कारण चेतना अभिवृद्धि होस् भनेर महोत्सव आयोजना गरिएको हो' उनले बताए।

स्थानीयवासी एवम् सिक्लेस युवा क्लबका सचिव देवीजङ्ग गुरुङका अनुसार सिक्लेसमा विगतमा लाटोकोसेरो धेरै नै पाइने गरे पनि पछिल्लो समयमा विस्तारै लोपोन्मुख हुन थालेको छ । महोत्सवसँगै लाटोकोसेरोको संरक्षण र पर्यटकीय क्षेत्र सिक्लेसको पर्यटन प्रवर्द्धन हुने विश्वास आयोजकले लिएको छ । 'प्रकृतिका साथीहरू' नामक संस्थाले विभिन्न ३५ जिल्लामा गरेको प्रारम्भिक अध्ययनको आधारमा नेपालबाट बर्सेनी कम्तिमा दुई हजार वटासम्म लाटोकोसेरो तथा हुचिल मारिने गरेको भेटिएको छ। अध्ययनबाट २५ प्रतिशत विद्यार्थीले गुलेली प्रयोग गरी लाटोकोसेरो मार्ने गरेको देखिएको छ। मुसाको सङ्ख्या नियन्त्रण गरेर किसानलाई सहयोग पुऱ्याउने तथा पर्यावरणीय संरक्षणमा विशेष योगदान गर्ने भएका कारण यसलाई किसानको साथी भन्ने गरिएको पक्षीविद् डा.हेमसागर बराल बताउँछन् ।

'लाटोकोसेरोको महत्व प्रकृति र पर्यावरणमा विशिष्ट किसिमको छ, यो अन्यपक्षी भन्दा बुद्धिमता भएको मान्निछ,'उनले भने,-'प्रकृति र पर्यावरणमा यसले महत्वपूर्ण भूमिका खेलेकाले यसलाई मानिसको छाता प्रजातीका रुपमा लिने गरिएको छ ।' घाँसे मैदानमा भन्दा अलि उच्च भू-भागमा बस्ने मासहारी लाटोकोसेरो विश्वका सबै महादेशमा पाइने बरालको भनाइ छ । लाटोकोसेरो प्राय:राति तथा बिहान सक्रिय हुने गर्दछ। प्राचीनकालमा लाटोकोसेरोलाई मानिसले समय पत्ता लगाउने माध्यमका रुपमा पनि लिने गरेका थिए । समुन्द्री सतहबाट दुईहजार मिटरको उचाइमा रहेको सिम्क्लेस लाटोकोसेरोलगायतका पक्षीका लागि उर्वरभूमि रहेको छ। दृश्यावलोकन एवम् पदयात्राका लागि समेत महत्वपूर्णस्थल भएका कारण यो ठाउँमा महोत्सव आयोजना गरिएको आयोजक समितिका सचिव गेहेन्द्र गुरुङ बताउँछन्।

महोत्सवका अवसरमा विद्यालय स्तरीय लाटोकोसेरो चित्रकला प्रतियोगिता, लाटोकोसेरोको जानकारी भएका सूचना तथा चित्र, फोटो प्रदर्शनी गरिने संरक्षण क्षेत्र व्यवस्थापन समिति पार्चेका अध्यक्ष मनबहादुर गुरुङले बताउनुभयो । आठवटा लाटोकोसेरोको आवाज सुन्न मिल्ने व्यवस्था मिलाइएको छ भने गहुँको छ्वालीबाट, चुराबाट तथा माटोबाट बनाइएका लाटोकोसेरो प्रदर्शनमा राखिने छ ।

आयोजकले लाटोकोसेरोको एक फिट अग्लो रोबोटसमेत प्रदर्शन गर्ने तयारी गरेको छ । महोत्सवको अन्तिम दिन चारजना नेपाली संरक्षणकर्मीलाई प्रकृति संरक्षण पुरस्कारसमेत प्रदान गरिने भएको अनुसन्धान, प्रकृतिका साथीका निर्देशक यादव घिमिरेले जानकारी दिए। महोत्सवमा सेतीदोभान- ८ स्याङ्जामा मन्मेर हाल कारकादो, ७ बाँके बस्दै आएका रमेशकुमार थापा, कपिलवस्तु नगरपालिका- २ आनन्दवागका मनोज पौडेल, चितवन नारायणी नगरपालिका-५ का हठन चौधरी र बर्दियाको ठाकुरद्वाराका राम शाहीलाई जनही २५ हजार रुपैयाँ नगद, ताम्रपत्र, र खादाले सम्मान गरिने भएको छ ।

पछिल्लो समयमा औषधि, झारफुकलगायतका प्रयोजनका लागि भारत, चीनलगायतका विभिन्न खाडी मुलुकमा लाटोकोसेरोको चोरी निकासीको क्रम बढेका कारण यसको संरक्षण अपरिहार्य भएको भन्दै संरक्षणमा सहयोग पुऱ्याउन महोत्सव आयोजना गरिएको हो। नेपालमा कानूनी रुपमा नै लाटोकोसेरोलाई पाल्न, दु:ख दिन, बेचबिखन गर्न नपाइने व्यवस्था भए पनि सर्वसाधारणलाई जानकारी नभएका कारण त्यसको जानकारीका लागि पनि महोत्सव उपयोगी हुने विश्वास गरिएको छ।

सङ्गीतकार दीप श्रेष्ठलाई पुरस्कृत गरिने

गोल्डेन न्यूज संवाददाता
पोखरा ६ फाल्गुन ।

वरिष्ठ गायक तथा सङ्गीतकार दीप श्रेष्ठ 'लालबहादु-चण्डेश्वरी ढेवाजु सङ्गीत स्मृति पुरस्कार'बाट सम्मानित हुने भएका छन्। स्व.लालबहादुर-चण्डेश्वरी ढेवाजुका परिवारद्वारा स्थापित तथा सङ्गीत प्रशिक्षण केन्द्र पोखराद्वारा सञ्चालित ५१ हजार १ सय एक रूपैयाँ राशिको राष्ट्रिय पुरस्कार यस पटक गायक श्रेष्ठलाई प्रदान गरिने भएको हो। विगत पाँच दशकदेखि नेपाली गीत, सङ्गीतको क्षेत्रमा श्रेष्ठले पुऱ्याएको योगदानको कदर गर्दै पुरस्कार श्रेष्ठलाई पुरस्कार प्रदान गर्ने निर्णय गरिएको छनोट समिति संयोजक, साहित्यकार तथा संस्कृतिकर्मी तीर्थ श्रेष्ठले जानकारी दिए। श्रेष्ठ संयोजक र कृष्णकहादुर श्रेष्ठ, हरिदेवी कोइराला, रामगोपाल ढेवाजु, सङ्गीत प्रशिक्षण केन्द्रका अध्यक्ष सुरेन्द्रमान बिजुक्छे सदस्य रहेको छनोट समितिले श्रेष्ठलाई फागुन २४ गते पोखरामा पुरस्कार प्रदान गर्ने निर्णय गरेको हो। नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति सरूभक्तले पुरस्कारद्वारा सम्मान गर्ने कार्यक्रम छ।

'नेपाली गीत-सङ्गीत क्षेत्रमा दिइने यो राष्ट्रिय स्तरको पुरस्कार हो'-छनोट समिति संयोजक श्रेष्ठले भने-'नेपाली सङ्गीत क्षेत्रमा श्रेष्ठले महत्वपूर्ण योगदान पुऱ्याएका छन्, उनको योगदानको सम्मान गर्दै यो पुरस्कार प्रदान गर्ने निर्णय गरेका हौं।' २०६४ अघिसम्म स्थानीय स्तरमा प्रदान गरिने पुरस्कारलाई २०६९ सालमा राष्ट्रिय स्तरको बनाई नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका संस्थापक तथा वरिष्ठ सङ्गीतकार अम्वर गुरूङलाई प्रदान गरिएको प्रशिक्षण केन्द्रका अध्यक्ष बुजुक्छेले जानकारी दिए। तीन-तीन वर्षमा दिइने पुरस्कार प्रदान गर्न ढेवाजु परिवारले पाँच लाख रूपैयाँको अक्षयकोष स्थापना गरेका छन्। १४ वर्षको उमेरमै 'म पत्थरको देउता होइन' गीत रेकर्ड गराएका श्रेष्ठलाई पुराना र नयाँ पुस्ताको संयोजन गर्ने गायकको रूपमा पनि लिने गरिएको छ। बुबा जयनारायण र आमा इन्दिरा श्रेष्ठको कोखबाट सन् १९५० डिसेम्वर ६ मा धरानमा जन्मिएका श्रेष्ठका 'मेरो आँखामा बादल छाइरह्यो', 'कति कमजोर रहेछ भाग्य', 'हर रात सपनीमा', 'मेरी मायालु', 'हुँ यात्री एउटा' जस्ता दजनौं गीत लोकप्रिय छन्। यो पुरस्कारबाट यसअगाडि सरोजगोपाल वज्राचार्य, बाबा राणा, कल्याण शेरचन, श्यामलाल श्रेष्ठ, अमृत गुरूङ, रामभक्त जोजिजू र धनबहादुर गायक सम्मानित भइसकेको अध्यक्ष विजुक्छेले जानकारी दिए।

स्थगित म:म मेला आजदेखि

पोखरा ६ फाल्गुन ।

यातायात व्यवसायीको आन्दोलन कारण विहीबार स्थगित भएको पेप्सी म:म मेला शुक्रबारदेखि शुरु हुने भएको छ। अचानक चक्काजाम हुदाँ विहीबार शुरु गर्न सकेनौं कार्यक्रम संयोजक रवीन गुरुङले भने-'जस्तोसुकै परिस्थितिमा पनि शुक्रबारदेखि भने मेला शुरु गर्ने छौं।' मेलाको तीन जना सडक बालकले उद्घाटन गर्ने छन्। आर इभेण्ट ट्रेनर नेपालले फेण्डसिप युथ क्लव र आईएफसी फेसन कलेजको सहकार्यमा मेला गर्न लागेको हो। पोखरा नयाँबजारस्थित प्रदर्शनी केन्द्रमा हुने मेला आइतबारसम्म चल्ने छ। मेलाका दर्शकका लागि लक्षितगर्दै रेष्टुरेण्टहरुले विभिन्न २५ प्रकारका १० लाख डल्ला म:म तयार पार्ने छन्। मेलामा पनिर, खुवा, केरा, टोफु, गुदपाक, आलु, विग, ओमन, माछा, ससेज, आइसक्रिम र चकलेट लगायतका म:मको स्वाद लिन पाईने छ। मेलाका लागि नै ५५ हजार रुपैयाँ खर्च गरेर बनाइएको म:म महोत्सव स्थलमा राखिएको छ।

गुरुकूलमा विविध कार्यक्रम, सोसल पब्लिक र भानुभक्तको वार्षिकोत्सव

गोल्डेन न्यूज संवाददाता
पोखरा ६ फाल्गुन ।

पोखराको नयाँबजारमा रहेको गुरुकुल विद्या सदन उ.मा.वि मा खेलकुद, प्राईमरी ट्यालेन्ट-शो, साँस्कृतिक नृत्य प्रतियोगिता र पुरस्कार वितरण कार्यक्रम सम्पन्न भयो। कार्यक्रम अन्तर्गत खेलकुद कार्यक्रम विद्यालय र पोखरा रंगशालामा सम्पन्न भयो । विभिन्न रेसहरु, लङजम्प, बास्केटवल, फुटवल, टग अफ बार, पट ब्रेक, खो खो, टि.टि लगायका कार्यक्रममा अन्नपूर्ण हाउस उत्कृष्ट भई रनिङ्ग शिल्ड उचाल्न सफल भयो । प्राईमरी ट्यालेन्ट शो अन्तर्गत सुजात श्रेष्ठ विजेता भईन भने सम्राट बाल्कोटी र सिम्रन पोखरेल क्रमश: फस्ट, रनरअप र सेकेन्ड रनर अप हुन सफल भए । साथै सिनियर लेभलको साँस्कृतिक नृत्य प्रतियोगितामा माउण्ट एभरेष्ट र धवलागिरी सदन क्रमश: प्रथम र द्वितीय भए । बिहीबार आयोजित समापन समारोहमा विजेता सम्पूर्ण विद्यार्थीहरुलाई प्रमुख अतिथि जिल्ला शिक्षा कार्यालयका सहायक जिल्ला शिक्षा अधिकारी गोविन्दराज पोखेल, कार्यक्रम सभापति तथा विद्यालय निर्देशक धर्म कोइराला र प्राचार्य अचुत पाण्डेले पुरस्कार वितरण गरेका थिए । कार्यक्रममा अतिरिक्त क्रियाकलाप प्रमुख कृष्ण भुजेलको संयोजनमा भएको थियो । कार्यक्रममा केशव तिमिल्सिना लगायत अन्य सबै शिक्षक कर्मचारीहरुको सहयोग रहेको विद्यालयले जनाएको छ ।

यसैगरी पोखरा-१० बुद्धचोकमा रहेको **सोसल पब्लिक स्कुल**को १४औं अभिभावक दिवस तथा पुरस्कार बितरण कार्यक्रम सम्पन्न भएको छ । बिहीबार आयोजित एक समारोहका बीच बिद्यालयले आफ्नो १४ औ अभिभावक दिवस तथा पुरस्कार बितरण कार्यक्रम सम्पन्न गरेको हो । कार्यक्रमको उद्घाटन गर्दै निमित्त जिल्ला शिक्षा अधिकारी दिपेन्द्र ढकाले बिद्यालयले छोटो समयमा नै गुणस्तरीय शिक्षा प्रदान गरी सक्षम जनशक्ती उत्पादनमा महत्वपुर्ण भुमिका खेलेको भन्दै बिद्यालयको सफलताको कमना गरेका थिए ।

प्याप्सन कास्कीका अध्यक्ष चिनु रानाभाटले सक्षम र गुणस्तरीय नागरीक उत्पादन गर्न निजि बिद्यालयले महत्वपूर्ण भूमिका खेलेको भन्दै निजि बिद्यालयलाई राज्यले सहयोग नगरेको गुनासो गरे । बिद्यालय व्यवस्थापन समितिका अध्यक्ष महेन्द्र बहादुर कार्कीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा फेवा टेलिभिजनका प्रवन्ध निर्देशक लिला जिसी, नेपाल हेन्डबल संघ कास्कीका अध्यक्ष तेज बहादुर गुरुङ, बिद्यालय व्यवस्थापन समितीका सदस्य बलराम परियार र कमला गुरुङ लगायतले बोलेका थिए । विद्यालयका प्रिन्सिपल खिम बहादुर गुरुङले स्वागत मन्तव्य राखेको कार्यक्रमको संञ्चालन नेपाली बिभाग प्रमुख शिक्षक यमलाल सुबेदीले गरेका थिए । कार्यक्रममा २०७१ सालको प्रबेशिका परीक्षा उत्तीर्ण बिद्यार्थीलाई सम्मान गरिएको र शैक्षिक सत्र २०७१ को शैक्षिक पुरस्कार पनि बितरण गरिएको बिद्यालयले जनाएको छ । उक्त अवसरमा बिद्यार्थीहरुले विविध साँस्कृतिक कार्यक्रम प्रस्तुत गरेको विद्यालयका शिक्षक मन गुरुङले जानकारी दिए । २०५३ सालमा स्थापना भएको कक्षा १० सम्म संचालित विद्यालयमा करिब ८ सय ५० जना विद्यार्थी अध्यनरत छन भने ५८ जना शिक्षक कर्मचारी कार्यरत रहेका छन् ।

यसैगरी पोखराको बगर १ सिम्पानीमा रहेको **भानुभक्त आवासीय मावि**को ३०औं वार्षिकोत्सव, अभिभावक दिवस तथा पुरस्कार वितरण कार्यक्रम बिहीबार सम्पन्न भएको छ । कार्यक्रमको उद्घाटन गर्दै पृथ्वीनारायण क्याम्पसका क्याम्पस प्रमुख प्राध्यापक डा. देवेन्द्र बहादुर लामिछानेले देशको शैक्षिक पद्धतीमा निजि क्षेत्रको योगदान महत्वपूर्ण रहेको बताए । सरकारी विद्यालयलाई राज्यले गरेको लगानी अनुसार प्रतिफल आउन नसकेको अवस्थामा निजी क्षेत्रका विद्यालयहरुले राज्यलाई चुनौती दिएको उनको भनाई थियो । अहिले सरकाले ल्याएको लेटर ग्रेडिंग प्रणाली विद्यार्थीका लागि थप चुनौती रहेको पनि उनले बताए । कार्यक्रममा बोल्दै विद्यालयका प्रिन्सिपल दिनेश लामिछानेले विद्यालयले शिक्षण सिकाईलाई प्रभावकारी बनाउन कुनै कसर बाँकी नराख्ने बताए।

यसैबीच विद्यालयले वार्षिक रुपमा प्रदान गर्दै गाएको भानु विद्या पदकबाट २०७१ सालमा प्रवेशिका परिक्षामा सर्वोत्कृष्ट अंक हासिल गर्ने पुरन गुरुङ र २०७० सालको परीक्षामा सर्वोत्कृष्ट अंक ल्याउन सफल दिप्ती गिरीलाई सम्मान गरिएको छ । यस्तै विद्यालयलको विभिन्न विभागमा कार्यरत ३ जनालाई सम्मान गरिएको थियो । सम्मानित हुनेमा विद्यालयका प्राविइन्चार्ज जानकी थापा, सवारी चालक टेक बहादुर सुनार र कार्यालय सहायक सरस्वती श्रेष्ठ रहेका छन्। कार्यक्रममा विभिन्न कक्षामा प्रथम, द्वितीय र तृतीय भएका विद्यार्थीहरुलाई शैक्षिक पुरस्कार वितरण गरिएको थियो भने खेलकुद, अनुसासन, लगायत अतिरिक्त क्रियाकलापमा उत्कृष्ट विद्यार्थीहरुलाई पनि पुरस्कार प्रदान गरियो । उक्त अवसरमा विद्यार्थीहरुले संस्कृति झल्काउने मारुनी, भ्याउरे, कौरा, लगायतमा नृत्य प्रस्तुत गरेका थिए भने कक्षा नसरी, यूकेजी, एलकेजीका नानीबाबुहरुले सामुहिक गायन प्रस्तुत गरेका थिए । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष डिल्लीराज न्यौपानेको अध्यक्षतामा भएको कार्यक्रममा शसस्त्र प्रहरी बल मालेपाटनका प्रहरी उपरीक्षक फणिन्द्रराज पौडेल, हिसान कास्कीका अध्यक्ष बाबुराम पन्त लगायतले बोलेका थिए ।

प्रो. वद्री के.सी. : ९८५६०२९८४६
प्रो. गोपाल बहादुर कार्का : ९८५६०३१८७२
प्रो. राजेश के.सी. : ९८५६०३७३१७
ईन्द्रेणी क्याटरिङ एण्ड पार्टी प्यालेस
चापापानीमार्ग, पोखरा-१२, फोन : ०६१-५२५६४६, ५२७३०४
शुभ-विवाह, जन्मोत्सव, अन्नप्राशन, व्रतवन्ध, पिकानक, सेमिनार तथा अन्य कुनैपनि कार्यक्रमका लागि टेण्ट, लाइट, डेकोरेशन एवं फुल तथा हाफ क्याटरिङका साथै कुक चाहिएमा हामीलाई सम्झनुहोस् ।
(हामीकहाँ २०० गाडी अटाउने पार्किङ पनि छ ।)

अनेक समस्या सफल उपचार
ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, भुसिल्ल डकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।
यौन समस्या:- शिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।
महिला सम्बन्धि समस्या
महिनावारी गडबडी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट दाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहनामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्धतिबाट सफल उपचार ।
जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने
सुन्दरता:- कालो थाप्लो पोतो, डण्डिफोर, दाग धब्बा, मखिया, कोठी, चाउरिपन हटाई पुरै शरिर गोरो बनाउने ।
[illegible]
थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पित्तास, पाइल्स, दम साथै बाथ, दाड कम्मर, हाड जोर्नी पुरै शरिर दुखाई ठिक पार्ने मसाज तेल ।
शितल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फ्रि होम डेलिभरि
फोन नं.०६१-५३१८६७, ०६-१२२९९९८, मो. ९८४६१३७४१८

जीवन के.सी.
मो. [illegible]
पञ्चमुखी लक्ष्मी सप्लायर्स
होलीमार्ग, काजीपोखरी
पोखरा-१८
विवाह, व्रतवन्ध, भोज तथा अन्य कुनै कार्यको लागि सफा खानेपानी चाहिएमा हामीलाई सम्झनुहोस् ।

खुशीको खबर !
के तपाईलाई लागोभागो भई छेदभेद गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गउडो पार लगाउने देवी हुनुहुन्छ । साथै ढाड दुखेको, वाथ, शुक्री, बाँझोपन हटाउने, ग्याष्ट्रिक,रक्सी छुटाउने औषधि समेत पाइन्छ । *महिनावारी भएको ७ दिन र जूठो परेको १ वर्षपछिमात्र आउने ।*

अकलादेवी चढेकी अधिकारी (मिरुवाचोक प्रतिक्षालय नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६२८५९५९

विदेश जानेहरूका लागि सुवर्ण अवसर
Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin दुवई र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।
हाम्रा विशेषताहरू :-
तयारी कक्षा धमाधम चलिरहेको छ ।
❖शतप्रतिशत उत्तीर्ण गराउन सफल ❖आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराइने ।
❖१ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल
सम्पर्क फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा विजनेश कम्प्लेक्स सटर नं. ३०,
फोन:०६१-५५०२५२, मो. ९८४६०-४१४९२

बैंक व्यालेन्स
बैंक व्यालेन्स सर्टिफिकेट तथा बैंक ट्रान्सफर गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।
सम्पर्क
९८२६१-०६६०२

तु-अवश्यकता
एकाउन्टेन काउन्सिलर - २/ १ जना
रिसेप्सनिष्ट (विभिन्न) - ४ जना
मन्टेश्वरी टिचर(स्कुल) - २ जना
मोबाइल पसल/बाईक शोरुम (सेल्समेन)-४
फेन्सीडिपाट मेन्टल (सेल्समेन) -५ जना
सहकारी मार्केटिङ - ३ जना
स्कूटी वा लाईसन भएको लेडिज -१ जना
हामी तपाईहरुलाई पोखरामा चाहिने सम्पूर्ण खालको काम र कामदार उपलब्ध गराउछौं ।
सन्ध्या कन्सल्टेन्सी, बुद्धचोक, पोखरा
०६१-४३२६५०, ६२९७७८, ९८४६१६६५८०

सस्तोमा जहाज टिकट
सस्तोमा राष्ट्रिय, अन्तर्राष्ट्रिय हवाईजहाज टिकट तथा टुरिष्ट बस टिकट चाहिएमा साथै विदेशमा सामान पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
World Int'l Travels & Tours Pvt. Ltd.
Newroad, Darbarthok Marga, Pokhara-9
Ph: 061-523753, 526409, 9856032747

"रंगहरूको अन्तिम गन्तव्य"
आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
योर्स ट्रेड कन्सर्न
एशियन पेन्टस्, रोयल ईस्पायराका साथै सिपेजको समस्या सावधान , वाटर प्रुफिङ गरिन्छ ।
फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रूचाईएको पेन्ट

चाया, पोतो र डण्डिफोर Bye Bye
चाया, पोतो, डण्डिफोर र मखियालाई एक हप्तामा नै हटाइनुका साथै गोरोपना बढाइने साथमा मोटोपन घटाउने र बढाउने पनि ।
यहाँ Orginal Korean Cosmetic Product पाइन्छ ।
कपाल झर्न रोक्ने, उमार्ने Hair building fiber.
सेतो कपाललाई ५ मिनेटमा नै कालो बनाउने
महिनामा नै १-३ इन्च हाइट बढाउने Step-Up.
चाउरिपना हटाउने
पिनासका लागि सफल उपचार ।
Skin Test गरिन्छ ।
ग्याष्ट्रिक उपचार
Breast घटाउने बढाउने...पेटमा भएको सेतो धर्सा हटाउने ।
थाहै नदिइ जाड, रक्सीका साथै चुरोट, सुर्ती, केही दिनमा नै छुटाइने ।
[illegible]
नेपालकै नं. १ Aloevera Juice हामीकहाँ पाइन्छ ।
बिहानी ब्युटी ट्रेडर्स
चिप्लेढुङ्गा, पोखरा-४, फोन: ९८४६१५४१८८, ०६१-५२४६५४
(मल्ल इम्पोरियमको अगाडि हा कम्प्लेक्स भन्दा दुई घर तल)

पोखरामा पहिलो पटक
यौनवर्द्धक : लिङ्गको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्वल सार्टिफिकेट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)
स्तन बढाउन, घटाउन, टाइट गर्न, मुन्ताइ कसिलो बनाउन, पेटको चिरा हटाउन।
केश झर्न रोक्ने उमार्ने तेल, Hair Building Fibers.
Cuit Face बनाउन स्प अमृत (Inddian), Fair Look
उचाई बढाउन Step Up, Triple Height
तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
थाहै नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउन।
ढाँड तथा जोर्नी दुखाई ठिक पार्न, सन्धी सुधा पेनकिल।
[illegible]
❖ अब Facebook मा www.facebook.com/Pokhara Herbal Home
पोखरा हर्वल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919
फ्रि होम डेलिभरी

सेक्यूरिटी गार्डमा वैदेशिक रोजगारको
सुवर्ण अवसर
Abudhabi को Spark Middle East Star Skill Force UAE को DPS [illegible] Group-4 [illegible] Diplomatic [illegible]
[illegible]
तयारी कक्षा धमाधम संचालन भइरहेको छ ।
सम्पर्क
आर्मोर ग्रुप सेक्यूरिटी सर्भिस एण्ड सप्लायर्स प्रा.लि
एवं
फिस ल्याडर इम्प्लोइमेन्ट सर्भिस प्रा.लि
[illegible]

पोखरमा प्याराग्लाईडिङ प्रि-वर्ल्डकपको तयारी

गोल्डेन न्यूज संवाददाता
पोखरा ६ फाल्गुन ।

पोखरामा १७ औं नेपाल खुल्ला प्याराग्लाईडिङ प्रतियोगिताको साथमा प्याराग्लाईडिङको प्रि-वर्ल्ड कप हुने भएको छ । नेपाल हवाई खेलकुद संस्था पोखरा (ना) को आयोजना तथा नेपाल पर्यटन वोर्डको प्रवर्द्धनमा फागुन १५ देखि प्रतियोगिता पोखरामा संचालन हुन लागेको हो । बिहीहबार आयोजित पत्रकार सम्मेलनमा दिईएको जानकारी अनुसार प्रतियोगितामा नेपाल सहित ३५ राष्ट्रका एक सय ५० प्याराग्लाईडिङ पाईलटहरु सहभागि हुनेछन् ।

डेढ सय राष्ट्रका २ सय बढी पाईलटहरुबाट उनीहरुको र्‍याङकिङको आधारमा प्रतियोगी छनौट गरिने ना का सचिव एवं प्रि-वर्ल्डकपका संयोजक कृष्ण प्रसाद भण्डारीले बताए ।

प्रतियोगितामा ३० जना नेपालीको लागि कोटा छुट्याए पनि हालसम्म १० जनाले मात्र नाम दर्ता गराएको उनले बताए । हालसम्म एशियाली मुलुकका अधिकाशं प्याराग्लाईडिङका पाईलटहरुले नाम दर्ता गराए पनि यस वर्ष भने युरोपियन मुलका पाईलट अघिल्लो बर्षको तुलनामा केहि कम सम्पर्कमा आएको संयोजक भण्डारीले बताए । प्रतियोगितामा सहभागिताको लागि अन्तिम नाम दर्ता फागुन १४ गतेसम्म गराउन सकिने आयोजकले जनाएको छ ।

नेपाल खुल्ला प्याराग्लाईडिङ प्रतियोगिता सहित ५ वटा ईभेण्टमा प्रतिष्पर्धा हुँदै छ । खुल्लातर्फ विजेताले ५० हजार, उपविजेताले ४० हजार, तेश्रो स्थान हासिल गरेको विजेताले ३० हजार रुपैयाँको साथमा ट्रफि मेडल प्रमाणपत्र वितरण गरिने भएको छ। त्यसै गरी नेपालीहरु बीचको प्रतिष्पर्धामा विजेताले ३० हजार, उपविजेताले २० हजार, तेश्रो हुनेले १० हजार र सान्त्वना हुने दुई जनालाई जनही पाँच/पाँच हजार रुपयौका साथमा ट्रफी वितरण हुने भएको हो । महिला र स्पोर्ट क्लासतर्फको विजेतालाइ जनही ३०/३० हजार, उपविजेतालाई २०/२० हजार र तेश्रो हुनेलाई १०/१० हजार साथमा ट्रफी वितरण हुने भएको छ भने वेष्ट डेव्यु नेपाली विजेतालाई ट्रफी मेडलको साथमा पुरस्कार वितरण गरिने भएको छ । प्रतियोगिता फागुन २२ गतेसम्म संचालन हुनेछ । प्रतियोगिताले आगामी बर्ष नेपालमा प्याराग्लाईडिङ खेलको विश्वकप हुने आधार तयार गर्ने प्रि-वर्ल्डकपका संयोजक कृष्ण प्रसाद भण्डारीले बताए । अघिल्लो वर्ष पनि आयोजना भएको प्रि-वर्ल्ड कपले सुरक्षा तथा रेस्क्युको कारण सहित प्राविधि समस्या भएकोले प्रि-वर्ल्ड कपको मान्यता पाउन नसकेको कारणले गर्दा यस बर्ष सुरक्षा सहित रेस्क्यु एवं प्राविधिक हिसाबले निकै मजबुत पारिएको प्राविधिक संयोजक रविन गुरुङले बताए । मनोरञ्जनात्मक एवं साहसिक हवाई खेलकुदको माध्यमबाट नेपालको आन्तरिक एवं वाह्य पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले विगत १६ बर्षदेखि खुल्ला प्याराग्लाइडिङ्ग प्रतियोगिता गर्दै आएको ना ले विगत ३ बर्षदेखि प्रि-वर्ल्ड कपको तयारी स्वरुप एफएआइ क्याटागोरी टु सम्पन्न गर्न ५६ लाख ८० हजार खर्च लाग्ने अनुमान गरीएको छ । उक्त रकम यस संस्थाका सदस्य कम्पनीहरु, नेपाल पर्यटन वोर्ड र सहभागिता शुल्कबाट परिपूर्ति गर्ने लक्ष्य राखिएको सचिवालय संयोजक रिजन रिजालले बताए ।

पाईलटहरुले सराङकोटको १४ सय मिटरको उचाईबाट उडान भरी फेवातालको आकास हुदै खपौदीमा अवतरण गर्ने भएका हुन । प्रि-वर्ल्ड कपको लागि वर्ल्डकप कमिटीबाट प्राविधिकले स्थलगत अवलोकन समेत गर्ने भएको प्राविधिक टोली समेत आइ सकेको आयोजकले जनाएको छ । फागुन १५ गतेदेखि एक सातासम्म व्यावसायिक रुपमा प्याराग्लाईडिङको खेल व्यावसायिक उडान नहुने नाले जनाएको छ ।

यस बर्षको सुरुवातमै विनासकारी भूकम्प त्यस पछि तराई मधेश आन्दोलन र भारतीय नाकावन्दीले प्रभावित भएको नेपालको पर्यटन क्षेत्रलाई यस प्रतियोगिताले केहि हदसम्म भए पनि माथि उठाउन सक्ने आफूहरुले विश्वास लिएको प्रचार संयोजक सोवित बाँनियाले बताए । पोखरामा हाल ६० भन्दा प्याराग्लाईडिङ कम्पनीहरु रहेका छन भने १ सय १२ जना लाईसेन्स प्राप्त पाईलट र उत्तिकै सङख्यामा सोलो पाईलट तथा सिकारु पाईलटहरु रहेको बताइन्छ । ना का सचिव कृष्ण प्रसाद भण्डारीको संयोजकत्वमा उक्त प्रतियोगिताको मूल आयोजक समिति गठन गरिएको छ । प्रतियोगिता सम्पन्न गर्न विभिन्न १३ वटा विभिन्न उप-समिति गठन भएको छ ।

पुन समुदाय हरेक क्षेत्रमा अगाडि-उत्तम

गोल्डेन न्यूज संवाददाता
पोखरा ६ फाल्गुन ।

पूर्व मन्त्री उत्तम पुनले नेपालको संविधानमा पुन जाति र समुदायको सूचिकृत गर्ने तयारी अगाडि बढेको भन्दै पुन समुदाय नेपालको हरेक क्षेत्रमा आगाडि रहेको दावी गरेका छन् । भूतपूर्व सैनिक संगठन पुन समुदाय नेपालद्वारा आयोजित ओपन वास्केटवल प्रतियोगिताको अन्तिम दिन पुनले खेलको माध्यमबाट एकतालाई बलियो बनाएको बताए ।

नेपाली काँग्रेसकी नेतृ एवं सासद शारदा पौडेलले खेलको एकता विश्वमै सकारात्मक भएको भन्दै पुन समाजलाई रचनात्मक कार्यमा सधैं निरन्तरता दिन आग्रह गरिन् । समाजका अध्यक्ष क्याप्टेन रवीन्द्र गर्वुजाको अध्यक्षतामा विहीबार सम्पन्न प्रतियोगितामा १० टिम युवा र ७ टिम प्रौढ समूह सहभागि भएका थिए ।

समापनका अवसरमा राप्रपा नेपालका कास्की अध्यक्ष जयलाल पुनले ७ लाखको संख्यामा रहेको पुन समूदायको उत्थान र विकासकोलागि प्रतिवद्ध रहेकको उल्लेख गरे । पुन समाजका बरिष्ठ उपाध्यक्ष खिमन शेरपुजाले पहिचान बोकेको मेला बाहेक अन्य मेला आयोजना नगरी २१ औं शताव्दीको नागरिक बन्न सक्नुपर्नेमा जोड दिएका थिए । पुन समाजले विभिन्न सांस्कृतिक कार्यक्रमकाबीच रमाईलो नृत्य तथा सास्कृतिक कार्यक्रम आयोजना गरिएको थियो ।

समाजले नगद ५ हजार भन्दा वढि सहयोग गर्ने, लोक नृत्य मार्फत मनोरञ्जन प्रदान गर्ने, प्रविधिक पक्षलाई जोड दिँदै डाक्टर, इन्जिनियरलाई समेत सम्मान गरिएको समाजका सचिव बुद्धिबीर पुनले जानकारी दिए ।

पुन समाजले आयोजना गरेको उक्त खेल प्रतियोगिताका बीचमा पुख्यौली थलो गिद्धेश्वर प्राथमिक विद्यालय लेखकोट पर्वतबाट पुख्यौली नाच प्रस्तुत, विग आइकनमा टप लिष्टमा परेकी अम्बिका पुन, नव प्रतिभा मायाँ पुनलाई सम्मान गरिएको थियो । कार्यक्रममा नन्दबहादुर गर्वुजा पुन, समाजका अगुवा तथा खेलाडीहरुले बोलेका थिए ।

टप्स र माउण्ट अन्नपूर्ण बास्केटवलको फाइनलमा

गोल्डेन न्यूज संवाददाता
पोखरा ६ फाल्गुन ।

टप्स उच्च मावि र माउण्ट अन्नपूर्ण उच्च मावि दोहोरो उपाधिका लागि भिड्ने भएका छन । पोखरा रंगशालामा जारी १३ औं कर्णेल जेपिक्रस अन्तरविद्यालय छात्र/छात्रा बास्केटबल प्रतियोगिताको छात्र तथा छात्रा तर्फको फाईनल खेलमा उपाधिको लागि शुक्रबार भिड्ने भएका हुन् । बिहीबार छात्रतर्फ भएको पहिलो सेमिफाईनल खेलमा टप्स उच्च माविले लिटिल स्टेप उच्च माविलाई ५२/३७ को स्कोरले पन्छाउदै फाईनलमा यात्रा बनायो । टप्सको जितमा कजन गुरुङले १७ स्कोरको योगदान दिए । दोश्रो सेमिफाईनल खेलमा माउण्ट अन्नपूर्णले डाईमण्ड उच्च माविलाई ४६/२० को स्कोरले पन्छाउँदै फाईनलमा यात्रा तय गरेको हो । माउण्ट अन्नपूर्णको जितमा महेन्द्र पुनले १६ स्कोरको योगदान दिए ।

त्यसै गरी छात्रातर्फ भएको पहिलो सेमिफाईनल खेलमा डिफेण्डिङ च्याम्पियन माउण्ट अन्नपूर्णले ग्लोवल कलिजियट उच्च माविलाई १९/१६ को स्कोरले पराजित गर्दै फाईनलमा यात्रा तय गरेको हो । माउण्ट अन्नपूर्णको जितमा मनिसा पुनले ७ स्कोरको योगदान दिईन। अर्को खेलमा टप्सले लिटिल स्टेप उच्च माविलाई २०-५ को फराकिलो स्कोरको अन्तरले पराजित गर्दै फाईनलमा यात्रा बनाएको हो । टप्सको जितमा ममता थकालले १२ स्कोर गरेकी हुन । प्रतियोगिताको शुक्रबार बिहान तेश्रो स्थानको लागि र दिउँसो फाईनल खेलसंगै प्रतियोगिता समापन हुने भएको संघका अध्यक्ष नेत्र बहादुर शेनले बताए ।

पोखराको समस्या तत्काल समाधान गर्न मन्त्री राइको निर्देशन

गोल्डेन न्यूज संवाददाता
पोखरा ६ फाल्गुन ।

नेपाल सरकारका सूचना प्रविधि तथा सञ्चार मन्त्री शेरधन राईले प्रधानमन्त्री केपी शर्मा ओलीको भारत भ्रमणमा राष्ट्रिय हित विपरित कुनै सम्झौता नहुने बताएका छन । प्रेस चौतारी कास्कीले बिहीबार पोखरामा आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै मन्त्री राईले शुक्रबारदेखि हुने प्रधानमन्त्रीको भ्रमणको क्रममा राष्ट्रिय र स्वाधिनता माथि आँच आउने कुनै प्रकारको सम्झौता हुनै नसक्ने दाबी गरेका हुन् । उनले प्रधानमन्त्रीको भारत भ्रमण सम्बन्ध सुधार र विकाससँग सम्बन्धित विगतका सम्झौतालाई कार्यान्वयन गराउनेतर्फ केन्द्रित हुने स्पष्ट पारे । सबै नेपालीको शिर उँचो हुने गरी आर्थिक र विकासको एजेन्डालाई प्राथमिकता राखेर भारतसँग वार्ता हुने दाबी गर्दै मन्त्री राईले पहिले देखि चिसिएको सम्बन्धलाई यस पटकको भारत भ्रमणले भोलिको दिनमा समेत सम्वन्ध सुदृढ हुने अपेक्षा गरे । सरकारका प्रवक्ता समेत रहेका मन्त्री राईले नेपालको आर्थिक विकास र समृद्धिसँग जोडिएको विगतमा भारतसँग भएका सम्झौतालाई कार्यान्वयन गराउन ठोस पहल हुने जनाए ।

भारत भ्रमणपछि प्रधानमन्त्री ओलीले अर्को छिमेकी देश चीनको भ्रमण गर्ने उनले बताए । एक वर्ष भित्र लोडसेडिङ कम गरी जनताले महसूस हुने गरी काम गर्नका लागि सरकारले काम थालेको बताउदै उनले दुई बर्ष भित्रमा उर्जा संकटबाट देशलाई मुक्त गराउँदै जनताले महसूस हुने गरी काम गर्नको लागि गृह कार्य सुरु भई सकेको उनले बताए । संविधान निर्माणपछि देश अब आर्थिक समृद्धितर्फ अगाडि बढेकोले दिगो विकासलाई प्राथमिकतामा राखेर सरकारले नीति कार्यक्रम बनाउने उनले जनाए । मन्त्री राईले सञ्चार नीति परिर्वतन गर्नुपर्ने आवश्यकता बताउदै 'समय सुहाउँदो सञ्चार नीति बनाउनका लागि कार्यदल गठन भएको जनाए । पत्रकारहरुको क्षमता अभिबृद्धिका लागि आम सञ्चार प्रतिष्ठान निर्माणको काम पनि अगाडि बढेको बताउँदै मन्त्री राईले आफ्नो प्रस्तावमा सञ्चार संग्राहालय स्थापना गर्नेतर्फ पनि सरकार लागेको जनाए ।

मन्त्री राईले पोखरा आसपासमा देखिएको अपराधिक घटना र यातायात क्षेत्रमा देखिएको समस्याको कानून बमोजिम उपाय खोज्न क्षेत्रीय प्रशासन तथा स्थानीय प्रशासनलाई निर्देशन दिए।

उनले भने-'उद्योगी व्यवसायीले लेखनाथमा महोत्सव गर्ने र यातायात व्यवसायीले चक्काजाम गर्ने सुहाएन, विवाद जे भए पनि चक्का जाम राम्रो कदम भएन यसमा प्रशासकहरुले जनतालाई सेवा दिने हिसाबले विवाद टुंगाउनु पर्छ, कसैले कानून मिच्न खोजेको छ भने प्रशासक डराउन हुँदैन । 'शान्ति, सुरक्षालाई कडाइका साथ पालना गराएर कदम चाल्न क्षेत्रीय प्रशासक र प्रमुख जिल्ला अधिकारीलाई निर्देशन दिएको जनाए । कानून भन्दा कोहि माथि जान खोजे सरकारले त्यस्ता कुनै व्यक्ति तथा संस्थालाई छुट नदिने मन्त्री राईले चेतावनी दिए । प्रेस चौतारी कास्कीका अध्यक्ष माधव बरालको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा उपाध्यक्ष रामजी शर्मा, सचिव अर्जुन गिरीले पनि बोलेका थिए ।

संचारकर्मी समूह पराजित

गोल्डेन न्यूज संवाददाता
पोखरा ६ फाल्गुन ।

शुक्रबारदेखि बैदाम क्लवले आफ्ना क्रियाशिल सदस्य दिपेश टण्डनको स्मृतिमा अन्तर क्लव सेभेन ए साइड फुटवल प्रतियोतिगा आयोजना गर्ने भएको छ । प्रतियोगिताको पूर्वाद्धमा पोखराका संचारकर्मी र आयोजक समिति बीच भएको मैत्रिपूर्ण खेलमा आयोजक ४-३ गोलले विजयी भएका छन्। लेकसाइडस्थित बाराहीघाट खेल मैदानमा हुने सो प्रतियोगिताको विजेताले नगद १ लाख रुपैयाँ सहित शिल्ड मेडल तथा उपविजेताले नगद ४५ हजार रुपैयाँ सहित ट्रफि मेडल पुरस्कार प्राप्त गर्ने क्लवले जनाएको छ ।

१४ गतेसम्म संचालन हुने प्रतियोगिता सम्पन्न गर्न विमल न्यौपाने अध्यक्ष एवं विकास थापा संयोजक रहेको मूल आयोजक समिति गठन गरेको छ । प्रतियोगितामा पोखराका विभिन्न ४० टीमको सहभागिता रहने बताइएको छ ।

नेतृत्वका बारेमा गिरिजाबाबु र म बीच भद्र सहमति थियो-देउवा

'रामचन्द्रजीकै कारण पार्टी फुटेको हो'

काठमाडौं ६ फाल्गुन ।

आसन्न १३ औं महाधिवेशनमा सभापतिको दौडमा रहेका कांग्रेस बरिष्ठ नेता शेरवहादुर देउवाले सबैलाई सम्मानका साथ मिलाएर अघि बढ्न सक्ने एक मात्र व्यक्ति आफू नै भएको दाबी गरेका छन्। बिहीवार बिहान बुढानीलकण्ठ स्थित आफ्नै निवासमा पार्टीको महाधिवेशनका विषयमा पत्रकारहरु संगको छलफलका क्रममा देउवाले पार्टी एकीकरणका बेला गिरिजावावु र आफूबीच पार्टी नेतृत्वका विषयमा समेत भद्र सहमति भएको बताए। उनले भने,'हिजो पार्टी एकीकरण गिरिजावावु र मैले नै गराएको हो। अहिले गिरिजाबाबु हुनुहुन्न। उहाँ पछिको व्यक्ति मै हो। उहाँसँगै मेरो सहमति भएको थियो।' देउवाले अब कांग्रेसलाई भेदभावमुक्त पार्टी बनाउनु जरुरी रहेको भन्दै पार्टीको नेतृत्व आफूले पाउनु पर्ने दाबीसमेत गरे। नेता विमलेन्द्र निधि र पूर्णबहादुर खड्कालाई आफ्नो दायाँ बायाँ राखेर बसेका देउवाले आफूलाई प्रजातन्त्र नै दरबारलाई बुझाएको भन्ने आरोपको खण्डन गरे। आफूलाई सभापति हुनबाट रोक्न विभिन्न गतल प्रचारवाजी भइरहेको भन्दै गुनासो गरे। राजाका पालामा निर्वाचित प्रधानमन्त्री पदबाट बर्खास्त भएको स्मरण गराउँदै उनले भने 'विपी र म नेपालका यस्ता मान्छे हौं। जो निर्वाचित भएर पनि राजाका पालामा पदबाट बर्खास्त हुनुपर्यो।' 'राजाको पालामा प्रधानमन्त्री पद नै खोसिएका मान्छेलाई प्रजातन्त्र नै दरबारलाई बुझायो भन्ने गलत प्रचार गर्ने, झुठा आरोप लगाउने काम भइरहेको छ' देउवाले आक्रोश पोख्दै भने। ज्ञानेन्द्रको पालामा उनको विरोध गर्दा कांग्रेसबाट सवैभन्दा बढी बन्दी बनाइएको आफू नै भएको भन्दै देउवाले 'हदभन्दा बढी गलत प्रचारबाजीमा' नलाग्न आग्रह गरे। उनले आफू प्रजातन्त्र बचाउन र कांग्रेस पार्टीका लागि जुँगाको रेखी नबस्दैदेखि लागेको र पटक पटक जेल जाउनु परेको घटनाको स्मरण समेत गरे।

'विपी र गिरिजाबाबुको परिवारकै मान्छे हुँ' : उनले आफू विपी र गिरिजावावुकै परिवारकै मान्छे भएको दाबी गरे। 'हिजो विपी कोइरालाबाटै प्रभावित भएर म कांग्रेसको राजनीतिमा लागेको हुँ, त्यसपछि गिरिजावावुसँग पनि अन्तिमसम्म संगै काम गरे, गिरिजावावुले पनि मलाई आफ्नै परिवारको जस्तो मान्नुहुन्थ्यो, त्यसैले म उहाँकै परिवारकै मान्छे हुँ,' देउवाले भने।

'रामचन्द्रजीकै कारण पार्टी फुटेको हो' : देउवाले नेता रामचन्द्र पौडेलकै कारण उतिबेला पार्टी फुटेको आरोप लगाए। उनले भने-राचन्द्रजीकै कारण पार्टी दुईवटा भएका हुन्। उहाँलाई सभापति चाहिएको थियो। गिरिजावावुको अन्याय अब सहन सकिँदैन, संगै बस्न सकिन्न नयाँ खोल्नु पर्छ भन्नु भयो। त्यसपछि म नि सहमत भएर पार्टी नयाँ बनाएका हौं।'

देउवाले पौडेलकै डिजाइन अनुसार पार्टी बनाएको र नयाँ पार्टी घोषणा गर्दा सभापति उहाँलाई नै बनाउने गरी तयारी भएपनि अन्तिममा उपस्थित नभएको बताए। उनले भने-नयाँ पार्टी बनाउँदा रामचन्द्र जी आएको भए उहाँ उहिले नै सभापति भइसक्नु हुन्थ्यो, अहिलेसम्म कुर्नु पर्ने थिएन। पार्टीलाई मिलाएर लैजान पौडेललाई प्रधानमन्त्री अफर गर्दै उनले भने, 'रामचन्द्रजी प्रधानमन्त्री बन्दा हुन्छ।'

देशको नेतृत्व गर्न पहिले पार्टी एक हुनुपर्छ : देउवाले आफूले पार्टी एकीकरण गरेर पनि तत्कालिन सभापति सुशील कोइरालाले पार्टीलाई एकताबद्ध बनाउन नसकेको बताए। देउवाले भने,-'जब पार्टी एक नै छैन भने देशलाई नेतृत्व गरेर कसरी अघि बढ्न सकिन्छ? त्यसैले पहिले आफ्नो पार्टीलाई नै एकताबद्ध बनाउन जरुरी छ। मेरो ध्यान पार्टीलाई एक बनाउनेमै छ। र मैले नै पार्टीलाई जसरी भएपनि एक बनाएरै छोड्छु।' उनले भने, 'कसैलाई काखापाखा राख्दिन, सवै नेताहरुलाई सम्मानका साथ महत्वपूर्ण भूमिका दिन तयार छु।' उनले पार्टीभित्र र बाहिरका सवैलाई मिलाएर अघि बढ्न सक्ने आफूमात्रै एक व्यक्ति भएको दावीसमेत। देउवाले समयमा नेतृत्वले निर्णय नगर्दा पार्टीले पटक पटक ठूलो क्षति ब्यहोर्नु परेको बताए। उनले भने, 'पार्टीको नेतृत्व गर्न निर्णय क्षमता पनि हुनुपर्छ। निर्णय गर्ने क्षमता भएन भने यसअघि व्यहोरेको जस्तै क्षति पार्टीले ब्यहोर्नु पर्छ। त्यसैले अब पार्टीको नेतृत्व मैले नै गर्नुपर्छ।'

सीमांकन र मधेसका समस्या समाधान गर्छु :देउवाले संविधान जारीपछि तराई मधेसमा उत्पन्न समस्या हल गरेर अघि बढ्नु पर्ने बताए। देउवाले आफू पार्टी सभापति भए सीमाकंन लगायत मधेसी, आदिबासी जनजाति, थारु लगायत समूदायका माग पूरा गरेरै छोड्ने प्रतिबद्धता समेत जनाए। पार्टीभित्र समावेशीको कुरा आफूले नै ल्याएको भन्दै देउवाले भने,-'पार्टीलाई समावेशी बनाउने मै हो। महिला मन्त्रालय, दलित आयोग, आदिबासी जनजाति प्रतिष्ठान म प्रधानमन्त्री हुँदा सुरु गरेको हो।'

शक्तिकेन्द्र देउवा नै हुन्: निधि

नेता विमलेन्द्र निधिले नेता देउवा नै कांग्रेसको शक्तिकेन्द्र भएको दाबी गरे। एनले भने-देउवाजी पार्टीमा लागेदेखि नै शक्ति केन्द्रका रुपमा रहदै आउनु भएको छ। हिजो पनि कि गिरिजाप्रसाद कोइराला कि देउवा नै पार्टीको मूख्य हुनुहुन्थ्यो। त्यसपछि कि सुशील कोइराला कि देउवा नै रहनु भयो। अबको शक्ति केन्द्र भनेको उहाँ नै हो।' उनले पार्टी सभापतिका अर्का उम्मेदवार रामभन्द्र पौडेलसँग व्यक्तिगत बाहेक अरु पार्टी चलाउन सक्ने जनाधार नै नभएको दाबी गरे। एनले पार्टीको नेतृत्वको विषयमा पार्टी एकीकरणकै समयमा गिरिजावावु र देउवावीच भद्र सहमति भएपनि त्यसको कार्यान्वयन नभएको बताए। संविधान कार्यान्वयनको चुनौति कांग्रेससामू रहेको भन्दै निधिले भने-'चुनौतिको सामना गर्न सक्ने र सवैलाई मिलाएर लैजान देउवाले नै सक्नुहुन्छ। कन्जरभेटिभ सोचले त्यो सम्भव छैन।' उनले देउवाकै नेतृत्वमा सबै नेता अटाउन सक्ने दाबी समेत गरे। उनले देउवालाई सभापति बनाएर पार्टीलाई एक बनाउन आफू जस्तोसुकै त्याग गर्न तयार रहेको बताए। उनले मधेसका ८ जिल्ला सहित देशभर अहिले आफूहरुको पक्षमा बुहमत रहेको दावी गरे। उनले भने-धनुषाको अधिवेशन बाँकी छ। सप्तरी, बारा, पर्सा, रौतहटमा पनि हाम्रो बहुमत छ। सर्लाहीमा पनि अहिले स्थिति राम्रो छ।'

पार्टी रुपान्तरणको संकल्प पहिलो प्राथमिकता: खड्का

नेता पूर्णवहादुर खड्काले रुपान्तरणसहित पार्टीलाई एकताबद्ध बनाएर लैजानकै लागि देउवा सभापति बन्नु पर्ने बताए। उनले भने-'पार्टीलाई प्रादेशीक संरचनाअनुसार देउवाले रुपान्तरित कार्यशैलीको संकल्प लिनु भएको छ। विगतका कमीकमजोरी दोहोरिन नदिन पनि उहाँको सभापति बन्नुपर्छ।' उनले नयाँ भरोसाका रुपमा सहमति सहकार्य र एकताका साथ पार्टीलाई एक बनाउने सक्ने सक्षम व्यक्ति देउवा नै भएको दाबी समेत गरे। उनले पार्टी संस्थागत रुपमा अघि बढ्न नसकेको बताए।

स्रोत : सेतोपाटी

यौन तथा प्रजनन रोग विशेषज्ञ डा. विनोद कुमार मिश्र मात्र १ दिनका लागि पोखरामा

धवन्तरी आयुर्वदे हस्पिटल एण्ड रिसर्च सेन्टर धुमबाराही काठमाडौंमा कार्यरत तथा नेपाल १ टेलिभिजनबाट प्रशारित चर्चित कार्यक्रम रात परेपछिका कार्यक्रम प्रस्तोता डा.विनोद कुमार मिश्र यही फागुन १२ गते बुधबार मात्र १ दिनका लागि पोखरा आउनुहुने भएकाले समयमै स्वास्थ्य परीक्षण गराई स्वास्थ्य लाभ लिनुहोस् ।

पुरुषमा देखिने : शीघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, उत्तेजना नहुने, पुरुष यौनाङ्ग चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष ।

महिलाहरुमा देखिने : स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, महिलाको यौनाङ्ग चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, यौन सन्तुष्टिमा कमी हुने, महिनावारीमा गढबढी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डिफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुवी, सेतो दुवीका साथै अन्य चर्मरोगहरू ।

महिला वा पुरुषमा हुने (बाँझोपन) नि:सन्तानको सफल उपचार

मलद्वार सम्बन्धी रोग : पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दु:ख्ने, पोल्ने, दिसासंग रगत बग्ने आदि समस्याको सफल उपचार ।

बिरामी जाँच्ने समय : बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि
फोन: ०६१-५३९१९४, ९८४६०४११३१, ९८०४१७२५३१
नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला ।

छालाको रोगीहरुलाई खुशीको खबर

अमेरिका, अष्ट्रेलिया तथा जापानबाट विशेष तालिम प्राप्त Dermatologist, Venereologist, medical Cosmetologist & Hair Transplang Surgeion (छाला, कुष्ठरोग, यौन रोग तथा सौन्दर्य विशेषज्ञ) डा. अभ्युदय जोशी यही फागुन १५ र १६ गते आउँदै हुनुहुन्छ । डा. अभ्युदय जोशी MBBS, MD, FAM, MBBS (नेपाल मेडिकल कलेज र KU) MD-Derma (वीर अस्पताल/NAMS), Fellowship (FAM/भारत)

हाम्रा सेवाहरू :

[illegible] (Onicaria) [illegible] (Lipoma) [illegible] (Cyst) [illegible] (Wart) [illegible] (Mole) [illegible] (Melasma) [illegible] (Pimple) [illegible] Keloid [illegible] (Ringworm) [illegible] (Dandruff) [illegible] (Night fall) [illegible] (Sexual Problem) [illegible] Minor OT & Dermato Surgery [illegible] (Ear Lobule) [illegible] (Zngrooing Nail) [illegible] (Psoriasis), Lichen Planus [illegible] (Vitiligo) [illegible] (Intertrigo) [illegible] (Herpes) [illegible] (Paediatric Dermatology) [illegible] Cosmetic [illegible] Mobile [illegible] Computer [illegible]

सम्पर्क : आस्मानी फार्मेसी
नयाँबजार, पोखरा (गण्डकी मेडिकल कलेजको अगाडि पश्चिमान्चल डेण्टलहोस्पिटल)
फोन नं. [illegible]
"कम शुल्कमा स्तरीय उपचार, हाम्रो प्रयास"

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/प्रधान सम्पादक **गंगाधर पराजुली**, निर्देशक **हरिमणि बराल**, संस्थापक सम्पादक **रीता गुरुङ**
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण **गोल्डेन अफसेट प्रेस**, चिप्लेढुंगा, पोखरा